# लेखहरूको सङ्गालो-२०८०



यस प्रकाशनमा अघिल्लो अंकहरूमा प्रकाशित भएका र अहिले पनि सान्दर्भिक लाग्ने लेखहरू समावेश छन् । 'पेवा प्रणाली: आदिवासी महिलाको आर्थिकोपार्जनको मुख्य आधार', 'थारू प्रथाजन्य संस्था बरघर', 'बर्दियाको बहैया ताल र स्थानीय थारू समुदायबीचको अन्योन्याश्रित सम्बन्ध', 'देउता बनाउने थारू संस्कृति प्रकृति अनुकूल', 'परम्परागत मटाँवा प्रणालीको औचित्य अहिले पनि उत्तिकै', 'विधवा थारू महिलाले घरमा नयाँ पति भित्र्याउने भ्वाँर विवाह प्रथा कानुनी मान्यताको पखाईमा', 'धनकुटाको किरात आठपहरिया समुदाय र वाडाङमेट मंसिरे चाड', 'तितेमाछा र आदिवासी अधिकार', 'हराउँदै चिउरी संस्कृति', 'चौरी पालन व्यवसाय लोप अवस्थामा' आदि लेखहरू यस सङ्गालोमा राखिएका छन् ।



# पेवा प्रणाली : आदिवासी महिलाको आर्थिकोपार्जनको मुख्य आधार

■ **सिर्जना सुब्बा**
काठमाडौं
(प्रकाशन मितिः जनवरी २०२३/माघ २०७९)

## पृष्ठभूमि

पूर्वी नेपालको सानो शहर ईलाममा जन्मेको मान्छे म। ईलाम मेरो मामा घर हो। वाल्यकालका केहि समय मैले ईलाममा बिताए। त्यहि नै मैले पहिलो पटक पेवा पाएको थिए। त्यो पेवा मेरो बोजुले मेरो दिदी र मलाई दिनुभएको थियो। मेरो बोजुको दुई छोरीहरूका दुई छोरीहरू छौं र अरु सबै दाजुभाइहरू। बोजुले हामीलाई एक-एकवटा गाई दिनुभएको थियो। त्यस बेला म धेरै सानो भएकोले गाई पाल्न सक्ने स्थितिमा थिइन र बाबा-आमाले पनि हेरी दिने अवस्था थिएन। त्यो पेवा सबैको सल्लाहमा गाउँमा अरु कसैलाई नै अधियामा दिने भयौ। अधिया एक प्रचलित चलन हो जसमा अरुको चौपाया पाले वा अरूको जग्गामा खेती गरेबापत् त्यसबाट भएको फाइदा र लगानी मालिक र कृषक दुवैले बराबरी (आधा आधा) बाढ्ने गर्दछन्। गाईको दूध र बेलाबेला बाछा बाछीको बिक्रीबाट भएको आम्दानी आउने गर्दथ्यो। त्यसबाट हामीलाई मन परेको सामान किन्ने गर्दथ्यौ। त्यो मेरो पेवा पाएको पहिलो अनुभव थियो। राई, लिम्बू, गुरुङ, मगर तथा अन्य आदिवासी जनजातिहरूमा कुखुराका चल्ला, चौपाया तथा पाकेका अन्नहरू छोरी चेलीलाई पेवा भनिदिने चलन छ।

## कथा १

करिब ३० वर्षकी प्रिसिला देवान एक किसानकी छोरी हुन्। घरमा प्रशस्तै खानेकुरा भएतापनि पैसाको कमी भइरहन्थ्यो। प्रिसिला र उनको दिदीबहीनीहरूलाई उनीहरूका बाबा-आमाले सानैदेखि कुखुराका चल्लाहरू पेवा दिनुहुन्थ्यो। सानै उमेरदेखि उनले ठूलाबढाको साथमा बसेर उनले कुखुराको स्याहार सुसार गर्न सिकेकी थिइन्। आफूले पाएको पेवा (चल्ला) को राम्रो स्याहार सुसार गर्दा गर्दै पनि कहिलेकाहीं बिमार भइहालेमा त्यसको औषधी गर्न र रोग फैलन नदिन उनलाई बाबा-आमाले सघाउनु हुन्थ्यो। उनले कुखुराका चल्ला काढ्न पनि ठूलाबढाबाटै सिकिन्। जब उनलाई कापी-कलम किन्न, शैक्षिक भ्रमण जानु वा विद्यालयको वनभोजमा जानलाई पैसाको आवश्यकता पर्दथ्यो, त्यस्तो बेला कुखुरा, चल्ला वा अण्डा बेचेर आफूलाई चाहिने पैसाको जोहो गर्नुहुन्थ्यो। त्यसले गर्दा उनलाई आफूलाई चाहिने खर्चको लागि बाबा-आमाको मुख ताक्नु परेन। उनले कुखुरा र अण्डाबाट भएको आम्दानी र खर्चको हिसाब-किताब आफै राख्ने गर्दथिन्। सानै उमेरबाट उनी आर्थिक रूपले आत्मनिर्भर बनिन्। उनी आफू सानै उमेरमा आर्थिक रूपले आत्मनिर्भर भएकोमा गर्व गर्छिन्।

पेवालाई महिलाको आफ्नो सम्पत्ति वा महिलाले आफूले मेहेनत गरेर कमाएको सम्पत्ति भनेर बुझिन्छ। महिलाले आफ्नो पौरखले कमाएको सम्पत्ति भएकाले यसमा अरु कसैको हक लाग्दैन। पेवा नेपालका सबै समुदायमा चलनचल्तीमा छ तर आदिवासी जनजाति समुदायमा भने यो उनीहरूको संस्कृतिको महत्वपूर्ण पाटोको रूपमा रहेको पाइन्छ। आदिवासी जनजाति समुदायमा पेवा एक संस्था (Institution) हो जसले महिला/केटीहरूको सशक्तिकरण गर्नुको साथै व्यवहारिक शिक्षा दिने काम पनि गर्दछ। यो अभ्यास आदिवासी जनजाति महिलाका लागि वरदान नै हो किनभने यसले महिलाको सामाजिक तथा आर्थिक सशक्तिकरण गर्दछ। ऐतिहासिक रूपमा हेर्ने हो भने आदिवासी जनजातिहरूको भूमिमा सामूहिक अधिकार हुने गर्दथ्यो। उदाहरणका लागि लिम्बू, राई, याक्खा, लोहरूङ, लाप्चा, चेपाङलगायत विभिन्न समुदायहरूमा सामूहिक भूमि अधिकार हुने गर्दथ्यो जसलाई "किपट" भनिन्थ्यो। सामूहिक भूमिभित्र घरबारी, खेतीजन्य भूमि, खर्क, चरन, जंगल, खोला-नाला तथा पोखरी हुने गर्दथ्यो। धेरैजसो आदिवासी जनजाति समुदायहरूमा बिहेपछि लोग्नेको घर जाने चलन छ। जब महिला लोग्नेको घर जान्छिन् उनले आफूसँग चल सम्पत्ति सजिलै लैजान सक्छिन्। आफ्ना गरगहना, चौपाया, हाँस-कुखुरा, सरसामान, रूपैयाँ/पैसा र अन्य बहुमूल्य वस्तुहरू चल सम्पति हुन्। यसरी आफ्ना चल सम्पत्तिहरू लिएर महिलाहरू लोग्नेको घर जान्थे र त्यस्ता सम्पत्तिलाई लोग्नेका परिवारले पेवा भनी उक्त महिलाकै हकमा रहन दिन्थे/दिन्छन्।

माथि भनिएझैं पेवा कुनै पनि वस्तु हुन सक्छ। जस्तो कि नगद, कुखुरा, बाख्रा, चौपाया, गरगहना, पाकेका अन्नबाली आदि। छोरीलाई जमिन नै पनि पेवा दिने केही अपवाद पनि छन्। तर पहिले पहिले सामूहिक भूमि भएको कारणले होला छोरीचेलीलाई भूमि नभएपनि भूमिमा फलेको अन्नको अंश पेवा भनेर दिने चलन चलेको छ। यो चलन अहिले पनि छँदैछ। विगतमा नेपालको कानूनले महिलाहरूलाई पुरुषसरह



समान पैतृक सम्पत्तिमा समान अधिकारको व्यवस्था नगरेको कारण उनीहरूले पैतृक सम्पत्ति (विशेष गरी भूमि) मा समान अधिकार पाएनन्। यद्यपि, आदिवासी जनजाति समुदायले छोरीचेलीहरूलाई पेवा दिएर भएपनि चल सम्पत्ति हस्तान्तरण गर्ने अभ्यास गरेका थिए।

छोरीचेलीहरूले आफ्नो माइतीमा विभिन्न किसिमका व्यवसाय गर्नका लागिसमेत पेवाको रूपमा लगानी कोष पाउने गरेको बताउँछिन्, मेरो साथी लालकुमारी रोका मगर।

मैले केही व्यक्तिहरूले पेवालाई माइतीबाट पाएको उपहार भनेर भन्ने गरेको सुनेको छु तर त्यो एकदमै सानो अर्थमा सीमित हुन्छ। आदिवासी जनजाति समुदायमा पेवा उपहार मात्र होइन यो एउटा परम्परागत संस्था पनि हो। यो महिला/केटीहरूलाई सामाजिक-आर्थिक क्रियाकलापमा सहभागी गराई उनीहरूको क्षमता विकास गर्ने प्रक्रिया पनि हो। त्यसैले पेवा दिनु बाबा-आमाको दायित्व र पेवा पाउनु छोरीचेलीको अधिकार पनि हो। बाबा-आमाले आफ्ना छोरीचेलीहरूलाई पेवा दिनु समाजमा परिवारको प्रतिष्ठा र इज्जत कायम राख्नु पनि हो। यसले उक्त परिवारको सामाजिक र आर्थिक हैसियत पनि देखाउँछ।

## कथा २

६० वर्षको उमेर पार गरिसक्नु भएकी राधिका राई एक एकल महिला हुनुहुन्छ। उहाँ सधैं आर्थिक रूपले आत्मनिर्भर हुनुहुन्थ्यो। बिहे पछि पनि उहाँले पेवाको रूपमा सधैं पशुपालन गर्नुहुन्थ्यो। उहाँ सुँगुर, खसी, बोका तथा कुखुरा पाल्ने गर्नुहुन्छ साथसाथै रक्सी पनि बनाउनु हुन्छ। उहाँ एउटा सानो दोकान पनि छ। उहाँ सधैं पेवा राख्ने भएको कारण उहाँले कसैसँग पनि पैसा माग्नुपर्ने अवस्था भएन। उहाँ आफ्नो पेवाको कारण आर्थिक रूपले आत्मनिर्भर भएको र बुढेसकालमा पैसाका लागि छोराछोरीको भर पर्नुपर्दैन भनेर गर्व गर्नुहुन्छ।



## कथा ३

पाँच दशकको उमेरमा हिंडिरहनु भएकी लता राईलाई बिहे गर्नुभन्दा पहिले पेवा के हो थाहा थिएन। उहाँ बुबाको जागिर खाँदाको सरूवा भइरहने हुँदा उहाँको बाल्यकाल विभिन्न ठाउँहरूमा बिते। एकै स्थानमा बस्ने र आफ्नो सांस्कृतिक कुराहरू जान्ने मौका नै मिलेन। बिहे पनि उनले आफ्नो श्रीमानले दिएको घरखर्चबाट बचत गरी सुँगुरको पाठा किन्नु भयो। आफूले सुँगुर पहिले कहिल्यै नस्याहारेको भएपनि परिवारको सहयोगले त्यसलाई पाल्नुभयो। सुँगुरको पाठा ठूलो भएपछि त्यसले धेरै बच्चा ब्यायो। त्यसबाट भएका पाठा तथा सुँगुर बेचेपछि उनले केही आम्दानी गरिन्। त्यसरी गरेको आम्दानीले उनले आफ्ना लागि गहना किनिन्। यो उनले पेवा राखेको पहिलो अनुभव थियो।

जब छोरीहरू आफ्नो र अरूको ख्याल राख्न सक्ने उमेरका हुन्छन्, उसको बुबाआमाले चौपाया तथा कुखुरा र हाँसका चल्लाहरू पेवा दिने गर्दछन्। पेवा पाएका छोरीचेलीहरूले त्यसको राम्रो हेरचाह र गरेर अर्थोपार्जन गर्न सक्छन्। यसरी छोरीचेलीले आफ्नो पेवाबाट कमाएको धन कसैले चलाउन सक्दैन। पेवा दिने बाबा-आमाको पनि त्यसमा हक लाग्दैन। त्यसबाट भएको कमाई उसले आफूखुसी गर्न सक्छिन्।

महिला/केटीहरूको आर्थिक सशक्तिकरणको लागि पेवा अत्यन्तै महत्वपूर्ण छ। यसको साथै, पेवा प्रथा एउटा सामाजिकीकरण गर्ने प्रक्रिया पनि हो। सामाजिकीकरणबाट महिला/कटीहरूले विभिन्न शिप, कला र शिक्षा पनि लिन्छन्।

## पेवा एक शैक्षिक प्रक्रिया

पेवालाई एक शैक्षिक संस्थाको रूपमा लिन सकिन्छ किनभने यसबाट महिला/केटीहरूले पशुपंछी पाल्न वा हुर्काउन, आफ्नो उपयुक्त ठाउँमा प्रयोग गर्न, आफ्नो लागि आर्थिक लगानी गर्न, आयस्रोत बनाउन, सहि समयमा सहि निर्णय गर्न सिक्छन्। पेवाबाट उनीहरूले आफै आफ्नो अनुभव र अभ्यासबाट शिक्षा लिन्छन् जुन विद्यालयमा सिकाइने शिक्षा भन्दा फरक हुन्छ। महिला/केटीहरूले यस्ता कुराहरू परिक्षण, सहभागीता र अवलोकन गरेर त्यस्ता कुराहरू सिक्दछन् ।

गाउँघरमा चौपाया तथा कुखुराहरू सबैले पाल्ने गर्दछन्। केहि अपवादबाहेक सबै आदिवासी जनजातिहरूको अर्थतन्त्र कृषिमा निर्भर छ। केटाकेटीहरूको समय प्रायःयस्ता कृषिकर्म गरेर वा पाल्तु जनावरहरू हेरेर बित्ने गर्दछ। उनीहरूलाई उनीहरूको उमेर अनुसारको काम दिइने पनि गरिन्छ। उदाहरणको सानानानीहरूलाई कुखुरालाई चारो दिने, चरा धपाउने, छरिएका धानचामलका दाना टिप्ने जास्ता काम दिइन्छ भने अलि ठूलोलाई गोबर सोहर्ने, गाई भैसीलाई चराउन लैजाने, बाख्रालाई घाँस हाल्ने, भैसीलाई आहाल बसाल्ने, आदि। सानै उमेरदेखि उनीहरू आफूभन्दा ठूलालाई पच्छ्याउदै यस्ता कामहरू गरीरहेका हुन्छन्। जब कुनै महिला/केटीले एउटा पशु/पंछी पेवा पाउँछिन्, सबैभन्दा पहिले उसले त्यसको रेखदेख गर्न सिक्छीन्। उसले त्यसको लागि आफूभन्दा ठूलाबडाले गरेको हेरेर त्यसै गर्नुपर्ने रहेछ भन्ने जान्दछिन्। वस्तुभाउलाई कुन बेला चारो दिने, कुन बेला नुहाइदिने, कहिले हिडडुल गराउने, कहिले खोरमा राख्ने भन्ने कुराहरू पनि सिक्छिन्। जब पशुपंछि विमारी हुन्छ, जेठोपाकोहरूले त्यसलाई






## कथा ४

उजुना थुलुङ दुई सन्तानकी आमा हुनुहुन्छ। उनी लगभग तीस वर्षकी भइन्। जब उनका छोराछोरी स्कूल जाने उमेरका भए, उनले घरमा रक्सी पार्न थालिन्। घरमा बनाएको रक्सी छिमेकीहरू घरमै लिन आउन थाले र कतिपय रेष्टुरेन्ट व्यवसायीहरूले पनि लान थाले। यसमा उनको श्रीमानले पनि सहयोग गरे। यसरी कमाएको पैसाले गाउँमै एउटा सानो दोकान पनि खोलिन्। अहिले त्यसको आम्दानीले उनको घर खर्चमा सहयोग गर्नुको साथै आफ्नो र छोराछोरीको सानातिना आवश्यकता पनि पूरा गर्न मद्दत गर्छ।

उपचार गर्नुहुन्छ। वस्तुभाउलाई उपचार गर्ने तरीका पनि उनीहरूले ठूलाबडालाई नै अवलोकन गरेर सिक्छीन्। अर्कोपटक वस्तुभाउ विमार भएमा आफै औषधी उपचार गर्छिन्। आफूलाई गर्न नआएमा सोधेर ठूलाबडाको रेखदेखमा उपचार गर्छिन्। त्यसरी नै उनीहरूले घरपालुवा जनावरका प्रजनन् चक्रकाबारेमा पनि सिक्छीन्। यसरी पशुपंछीलाई बढाउने ज्ञान उनीहरूले प्राप्त गर्छन् र पशुपंछीको बिक्रिबाट आय बढाउने काम गर्छन्।

मैले पहिले नै भनीसके पेवा कुनै पनि जीवजन्तु, वस्तु वा रकम हुनसक्छ। मेरी आमाले आफूले पाकेका अन्न पेवा पाउने गरेको सुनाउनु हुन्थ्यो। अन्नबाली पाकिसकेपछि यो छोरीहरूको भाग भनेर घरमा छुट्याउने गरिन्थ्यो रे। यसरी पाएको पेवा उहाँहरू आफ्ना दिदीबहिनीहरू र साथीहरू मिलेर वनभोज खान जाने गर्नुहुन्थ्यो रे। केहि केटीहरूले भने त्यस्ता अन्नको रक्सी बनाउनु पनि हुन्थ्यो रे। केटी/महिलाहरूका लागि रक्सी पनि आम्दानीको राम्रो स्रोत हो। रक्सी पार्नको लागि खास किसिमको ज्ञान र सीप चाहिन्छ। रक्सी बनाउने ज्ञान र सीप पुस्तौ दर पुस्ता हस्तान्तरण हुँदै आएको छ। यो संग सम्बन्धित ज्ञान जस्तो कि अन्नपात छान्ने, जाँड बनाउने, बनिसकेको जाँडलाई सुरक्षित राख्ने र जाँडबाट रक्सी पार्ने आदि। त्यसैगरी, जाँड बनाउनको लागि चाहिने मर्चा बनाउनको लागि जडिबुटीहरू चिन्नु, त्यसको मात्रा मिलाई मर्चा बनाउने तरिका पनि थाहा हुन पनि जरुरी छ। केहि महिलाहरू मर्चा पनि बिक्रि गर्छन् किनभने मर्चा बनाउने ज्ञान सबैमा हुँदैन। राम्रो मर्चा बनाउन जान्ने महिलाको आदिवासी जनजाति समुदायमा प्रशंसा पनि हुन्छ।

पेवाको अभ्यास गर्दा, केटीहरूले हिसाब-किताब पनि राख्न सिक्छीन्। यसरी उनीहरूले आफूले कति खर्च गरे, कति कमाए, अब कतिसम्म लगानी गर्न सक्छु भन्ने कुराहरूको विवरण राखिराखेका हुन्छन्। यसरी उनीहरूले व्यवहारीक रूपमा लेखा र व्यवस्थापन सिकिरहेका हुन्छन्।

पेवाबाट भएको आम्दानी के गर्ने भन्ने निर्णय पेवा पाउने केटी/महिलाले गर्छे। साधारणतया परिवारका सदस्यहरूले त्यसमा कुनै किसिमको हस्तक्षेप गर्दैनन्। बरु, के काममा लगानी गर्दा राम्रो हुनसक्छ भनी विभिन्न विकल्पहरू दिन्छन्। यसरी उनीहरू आफ्नो निर्णय आफै गर्न सक्छन्।

## निर्णय गर्ने

सहि निर्णय गर्न जान्ने पनि व्यक्तिको जीवनमा चाहिने महत्वपूर्ण शिप हो। निर्णय गर्नलाई आलोचनात्मक सोध चाहिन्छ। व्यक्तिले जीवनका हरेक मोडमा निर्णय गर्नुपर्ने हुन्छ। त्यो भरे राती

खानामा के पकाउने भन्ने जस्तो सानोतिनो कुरा देखि लिएर दुर्व्यवहारपूर्ण विवाहको बन्धनमा बसिरहने वा सम्बन्ध बिच्छेद गर्ने भन्ने जस्ता ठूला निर्णय गर्नुपर्ने हुन्छ। विशेषगरी आदिवासी जनजातिका घरभित्रका निर्णयहरू ऋामा वा हजुरआमाले गर्नुहुन्छ। कुन बाली लगाउने, कहिले बाली उठाउने, कहिले पुजारी/धामी बोलाउने र कहिले भगवानको पूजा अर्चना गर्ने, कहिले छोरीहरूलाई पेवा दिने लगायतका निर्णयहरू महिलाले नै गर्दछन्। परम्परागत रूपमा प्रायःजसो आदिवासी जनजाति समुदायमा पुरुषहरूले सार्वजनिक (वृत्तका) काम गर्छन् भने महिलाले घरभित्रका। केटीहरूले आफ्ना आमा र बोजुहरूबाट घरभित्रका कामहरू गर्न सिकिरहेकी हुन्छन्। यस्ता कुराहरूबाट केटीहरूले निर्णय प्रक्रियाका बारेमा धेरै कुराहरू सिकिरहेकी हुन्छिन्।

विहे भएपछि महिला/केटीहरूले राम्रो निर्णय गर्न सक्षम भनी अपेक्षा गरिन्छ। घर परिवार राम्रोसंग संचालन गर्नको लागि महिलाको निर्णय गर्ने क्षमता अत्यन्त महत्वपूर्ण हुन्छ। त्यसैले पहिले पहिले आदिवासी जनजाति समुदायमा बेहुलाभन्दा बढी उमेरकी बेहुली विहे गर्ने चलन थियो। छ कोरी पुगिसक्नु भएका रणध्वज श्रेङ चोङबाङ लिम्बू फेदाङमा (धामी/पुजारी) हुनुहुन्छ। उहाँले भने अनुसार पहिले पहिले लिम्बू समुदायमा छोराका आमाले बुहारी खोज्दा केटा भन्दा बढी उमेरका खोजिन्थ्यो भन्नुहुन्छ। यसको उदाहरण दिन्दै उहाँले आफ्नो श्रीमती आठ वर्ष जेठी भएको पनि बताउनु भयो। रणध्वज श्रेङ चोङबाङ लिम्बूले भन्नुभए अनुसार जेठी केटी बिहे गर्नुको पछाडि पनि घर व्यवहार राम्ररी चलाउछिन् भन्ने नै हो।




मैले अघि नै भनिसके, केटीहरूले आफ्नो पेवाको ख्याल राख्ने मात्र होइन त्यसलाई बढाउने छिन् भन्ने पनि आशा गरिन्छ। यो उसको आफ्नो व्यक्तिगत सम्पत्ति भएको कारण उसले त्यसको लागि समय पनि निकाल्नु पर्छ। यदि उसलाई कुनै कार्यक्रम वा काममा जानु परेमा समय मिलाउनुपर्ने हुन्छ। आफू नभएको अवस्थामा उनले आफ्नो दिदीबहिनी वा आफन्तलाई सहयोग माग्नुपर्छ। यस्ता खाले कामहरू गर्न केटीहरूलाई राम्रो व्यवस्थापन र निर्णय गर्ने शिप आउन जरुरी छ। महिला/केटीहरूले आफ्नो पेवा (वस्तुभाउ) बेच्ने कि त्यसको धेरै बच्चा बनाउने जस्ता निर्णय आफै गर्छन्। त्यसबाट उनीहरू अझै धेरै आम्दानी गर्ने अवसर निकाल्न सक्छन्। मैले गाउँघरमा केटीहरूले प्रायःवस्तुभाउ धेरै बनाउने गरेको देखेको छु। उनीहरूले यो काम अरुको करले भन्दापनि आफ्नै रहरले गर्ने गर्छन्। पेवालाई बेच्ने, बच्चाहरू बनाउने, काटी खाने, वा अरुलाई दिने भन्ने निर्णय उनीहरू आफैले गर्छन्। ठूलाबडाले त्यसमा सुझाव दिने वा सहि बाटो देखाउने मात्र गर्छन्।

### कथा ५

चेपाङ समुदायमा छोरी जन्मदा चिउरीको रूख रोप्ने चलन थियो/छ। छोरीको बिहे गरेर पठाएपछि उसलाई त्यो रूख दाइजो वा पेवाको रूपमा दिने गरिन्छ। जब चिउरीमा फल पाक्न थाल्छ, माइतीले आफ्ना चेलीलाई फल टिप्न बोलाउँछन्। चिउरीको फल त्यसै पनि खाइन्छ। चिउरीको फल भन्दा त्यसको बिया भने मूल्यवान हुन्छ किनभने त्यसको घिउ बनाइन्छ। चिउरीको बिया र घिउ दुवै बजारमा बिक्री हुन्छ। चिउरीको घिउ शरीरमा लगाउँदा घाउ-खटिरा निको हुन्छ। चिउरी माछा मार्न पनि प्रयोग गरिन्छ। चिउरीको पिना खेतबारीमा हाल्दा राम्रो मलको काम गर्छ। चिउरीको पातको दुना-टपरा बनाउन पनि काम लाग्छ। त्यसैले चेपाङ महिलाहरूका लागि यो बहुउपयोगी पेवा हो।

यसरी आफूले कमाएको रूपैया-पैसा आफूले चाहे अनुसार लगानी पनि गर्न सक्छन्। धेरै जसोले सुनका गहना किन्ने गर्छन् भने कतिपयले नयाँ व्यापार शुरु गर्छन्। बक्समा भनिएका कथाहरूमा जस्तो कि प्रिसिलाले आफ्नो पेवाबाट कमाएको पैसा आफ्नो शिक्षामा लगानी गरिन् भने राधिकाले आफ्नो बुढेसकालको लागि साँचेर राखिन्। अरुले आफ्नो घर खर्च टार्नको लागि।

## आर्थिक सशक्तिकरण

पेवाको सबैभन्दा महत्वपूर्ण पाटो हो आर्थिक सशक्तिकरण हो। यसले महिलाको वित्तिय स्वतन्त्रता कायम गर्छ। पेवा खासमा नाम मात्रको हुन्छ तर महिला/केटीहरूले त्यसको सहि प्रयोग गरेमा यसले लगानीको लागि कोषको काम गर्छ। यसबाट महिला/केटीहरूले आफ्नो लागि राम्रो कमाई गर्न सक्छन्। मेरो साथी लालकुमारी रोका मगरले सुनाउनु भए अनुसार उहँको एक जना आफन्त (जो अविवाहित महिला हुनुहुन्छ) ले पेवाबाट शुरु गरेको व्यवसायबाट अहिले घर, जग्गा लगायत आफूलाई बुद्रेसकालसम्म पुग्ने श्रीसम्पत्ति जोड्नु भएको छ अरे। लालकुमारी आफूले पेवा अभ्यास नगरेता पनि मगर समुदायमा छोरी चेलीहरूले पेवा पाउने र व्यावसाय गर्नलाई लगानीको लागि पनि पेवामाग्ने चलन रहेको बताउनुहुन्छ।

पेवाबाट कमाएको सम्पत्ति महिलाको भएपनि त्यो महिलाले आफ्नो लागि मात्र नभएर परिवारको लागि पनि खर्च गर्छन्। तैपनि पितृसत्तात्मक नेपाली समाजमा महिलाले कमाएको आम्दानीलाई परिवारको मुख्य आयस्रोतमा रूपमा लिइन्दैन। यसले गर्दा महिलाको कमाईको मान्यता दोस्रो दर्जाको हुन्छ। तथापि आदिवासी जनजाति महिलाको स्थिती गैर-आदिवासी समुदायको भन्दा केहि राम्रो देखिन्छ र घरपरिवारमा उनीहरूको बोली पनि सुनिन्छ। हिन्दूकरण, विश्वव्यापीकरण र संस्कृतिकरणमा परेर आदिवासी जनजाति महिलाहरूको स्थिती पहिले जस्तो सशक्त देखिदैन। त्यसैले आदिवासी जनजाति महिलाको स्थितीको बारेमा अझै राम्रो अध्ययन गर्नु जरुरी छ।

आदिवासी जनजाति महिलाहरू विशेषगरी चौपाया र कुखरा पालन गर्ने गर्छन्। यो वर्षौंवर्षदेखि उनीहरूले गरी आएको काम हो। केहि केहिले कपडा, राडी-पाखी, गुन्द्री, सुकुल बुन्ने काम पनि गर्छन्। उनीहरूले गरिरहेको आर्थिक गतिबिधि भनेको पनि यहि हो। यस बाहेक उनीहरू जाँड-रक्सी बनाउने र बेच्ने गर्दछन्। बिगतमा जाँड-रक्सी खाने समुदाय




भएकोले उनीहरूलाई “मतुवाली” अथवा मातिने कुरा खाने भनेर चिनिने गरिन्थ्यो। आदिवासी जनजातिहरूको संस्कृतिमा जाँड-रक्सीको महत्व धेरै छ। हरेक चाँड-पर्व र मर्दापर्दाको समयमा चाहिने अत्यावश्यक पर्दाथमा यो पर्दछ। त्यसैले यो सबैलाई चाहिने र सजिलै बिक्रि हुने वस्तु हो।

जाँड-रक्सीको कुरा गर्दा, पेवामा पाउने अन्नलाई जाँड-रक्सी बनाउने महिला/केटीहरू पनि छन्। व्यावसायी र अधिकारकर्मी विमला सुनुवारले आफू सानो छदा पेवामा अन्न पाएको संझना अखमलाई सुनाउनु भयो। त्यसैगरी लालकुमारी रोकाले पनि आफूले अन्न पेवा पाएको सुनाउनु भयो। यसै प्रसंगमा मेरो बाबाले पनि हाम्रो बोजुले सधै फूपूहरूलाई अन्न (धान, कोदो, मकै, आदि) छुट्याइदिनुहुन्थ्यो भन्ने कुरा मलाई सुनाउनुभयो। महिलाहरूले कोदो, मकै, र गहु जस्ता अन्नहरूको जाँड-रक्सी बनाउँछन्। यदि चामल धेरै मात्रमा फल्ने ठाँउ रहेछ वा नराम्रो चामल रहेछ भने चामलको पनि जाँड-रक्सी बनाउँछन्। मैले राधिका र अन्जनालाई कनिकाको रक्सी बनाएको देखेको छु। तर जब उनीहरूलाई मिठो र राम्रो रक्सी बनाउनु परेमा त्यसबेला उनीहरू कोदोको प्रयोग गर्दछन्। कोदोको रक्सी बनाउनुको अर्को फाइदा पनि छ। त्यो हो, रक्सी बनाइसकेपछिको जाँडको छोक्रा सुंगुरको लागि राम्रो चारो हुन्छ। त्यसैले जो महिलाहरूले रक्सी बनाउछन्, उनीहरू सुंगुर पाल्ने गर्दछन्। त्यस बाहेक सुंगुरले भान्साबाट निस्किएको फोहर सबै खाइदिन्छ, त्यसले गर्दा महिलालाई फोहर व्यवस्थापन गर्न पनि सजिलो हुन्छ। फेरी खेतीपाती गर्नेहरूका लागि वस्तुभाउहरूको मलहरूमा सबैभन्दा

राम्रो मल सुंगरको मललाई नै मानिन्छ। त्यसैले त्यस्ता कामहरूले एकअर्कालाई सघाउ पुऱ्याउँछ।

अहिले हेर्ने हो भने लगानी गर्ने क्षेत्र धेरै फैलिएको छ। पहिला जस्तो वस्तुभाउ, कुखुरा र जाँड-रक्सीमा सिमित भएर लगानी गर्नुपर्ने स्थिति अहिले छैन। अहिले उनीहरू विभिन्न खाले साना व्यावसायमा लाग्न सक्छन् उदाहरणको लागि दोकान थाप्ने, रेष्टुरेन्ट, होटल, कृषी फार्म, तानबुन्ने, आदि। यस्ता आर्थिक गतिविधिहरूबाट महिला/केटीहरूले आफ्नो र परिवारको खर्च धान्न पनि थालेका छन्। विशेषगरी गाउँघरका महिलाहरूका लागि पेवा आर्थिक सशक्तिकरणको बाटो बनेको छ। यसले उनीहरूलाई आर्थिक सुरक्षा र आवश्यक परेको बेला सहयोग उपलब्ध गरेको छ। यसले उनीहरूलाई आर्थिक रूपले आत्मनिर्भर बनाएको छ।

## पेवाको कानूनी मान्यता

मुलुकी ऐनको अध्याय १४ मा पेवा र दाइजोलाई महिलको “विशेष सम्पत्ति” भनीएको छ। पेवा र दाइजोलाई महिलाले आफ्नो इच्छा अनुसार चलाउन सकिने छ पनि भनिएको छ। यस प्रावधानअनुसार पेवामाथि महिलाको मात्र हक-अधिकार लाग्छ। त्यसमा उसको खास गरी विहे भएर गएको परिवारको कुनै हक लाग्दैन। महिलाले आफ्नो श्रीमान वा अन्य कसैबाट प्राप्त गरेको सम्पत्ति बिक्री गर्न श्रीमान वा छोराको अनुमती लिनु पर्छ तर त्यस्तो प्रावधान पेवामा लागू हुँदैन। यसै कारण पनि महिलाहरूको पेवाले छुट्टै अर्थ राख्छ।

आदिवासी जनजाति समुदायमा महिलाको पेवा चलाउनु हुन्न भन्ने नैतिक मूल्यमान्यता धेरै बलियो छ। छोरीचेलीलाई पेवा दिनुपर्छ भन्ने कुनै आदिवासी कानून छैन तापनी प्रायः घरपरिवारमा आफ्ना छोरीचेलीहरूलाई पेवा दिने गरिन्छ। परम्परागत मूल्यमान्यताले पेवा दिनुपर्छ भन्छ। पेवा दिनु घरपरिवारको इज्जत र सम्मानलाई कायम राख्नु पनि हो। पेवा दिन नसक्ने वा नदिने घरपरिवारलाई त्यति राम्रो मानिदैन। त्यसैले घरका ठूलाबढाले आफ्ना छोरीचेलीहरूलाई पेवा दिन बाध्य हुन्छन्। त्यसै गरी दिएको पेवाको सुरक्षा गरीदिन पनि उनीहरूको कर्तव्य हुन जान्छ। छोरीचेलीको अनुमतीबिना कसैले पनि पेवा चलाउन सक्दैन।

लिम्बू समुदायमा यससंग सम्बन्धित एउटा अति नै राम्रो कथा मैले सुनेको छु। त्यो यस प्रकार छ : उहिले उहिले आर्बिहाङ थरकी चेलीले सुंगुर (पेवा) पालेकी थिइन्। राम्रो स्याहार सुसार गरेर पालेको उनको सुंगुर एकदमै खाइलाग्दो थियो। एकदिन उनी कहिकतै गएको बेला, खोरमा खाइलाग्दो सुंगुर देखेर उनका दाजुभाइ लोभिएछन्। चेली घरमा नभएको मौका छोपेर त्यसलाई काटी खाएछन्। जब उनी घर आइन्, खोरमा आफूले माया गरेर पालेको सुंगुर नदेखेपछि खोज्न थालिन्। आफ्नो सुंगुर कता गयो भनी दाजुभाईलाई सोधिन्। उनीहरूले आफूलाई सोद्धा पनि नसोधि सुंगुर काटि खाएको थाहा पाएर उनी धेरै रिसाइन्। आफ्नो बाबा आमाले दिएको पेवा सोद्धा पनि नसोधी काटी खाएकोमा उनी दुःखी पनि भइन्। आफ्नो चेली यसरी दुःखी भएको देखेर उनको दाजुभाईहरूलाई पछुतो भयो र उनलाई खुशी बनाउन उनीसंग माफिमागे र आइन्दा कहिल्यै पनि सुंगुरको मासु खाँदैनौ भन्ने बाचा पनि गरे। त्यसैबेला देखि आर्बिहाङ थरका लिम्बूहरूले सुंगुरको मासु खान छाडेको भनिन्छ र अझै पनि खादैनन्। लिम्बू समुदायको मात्र होइन अन्य आदिवासी समुदायमा पनि पेवा वा पेवाबाट भएको आम्दानी कसैले पनि चलाइदिदैन यदि चलाउनै परेमा उनीहरूको पूर्व

मञ्जुरी लिएर र उनीहरूलाई उचित क्षतिपूर्ति दिएर मात्र चलाउने गर्दछन् । यस कुरालाई मानवशास्त्री लिन बेनेटले लिम्बू, खाम मगर, राईहरू, तामाङ जातिमा महिलाको सम्पत्तिमा आफ्नो नियन्त्रयण हुन्छ भन्नुहुन्छ ।

## निष्कर्ष

पेवा यस्तो संस्था हो जस्ले आदिवासी जनजाति महिला/केटीहरूलाई आर्थिक क्रियाकलामा संलग्न हुन र त्यसलाई व्यवस्थापन गर्न सिकाउने प्रक्रिया हो । यसबाट उनीहरूले पशुपालन, व्यस्थापन, लेखा, व्यावसायिक निर्णय तथा समयको महत्व बुझाउने किसिमको व्यवहारीक शिक्षा लिन्छन् । उनीहरूले विभिन्न किसिमका आयआर्जनका कामहरू सिक्ने, बुझ्ने र जान्ने मौका पनि लिन्छन् । त्यसैले यसले उनीहरूलाई आर्थिक रूपले सबल हुन र सानैदेखि आत्मनिर्भर हुन सिकाउँदछ ।

> **उदाहरणका लागि आदिवासी जनजातिहरूको लागि रक्सी महत्वपूर्ण वस्तु भएतापनि यसलाई मात लाग्ने खानेकुरा भनी हेयको दृष्टिकोणले हेरिन्छ ।**

समयसंगै पेवाको अभ्यास पनि कम कम हुँदै गइरहेको छ । यस्तो हुनमा शहरीकरण, बासइ-सराई, विश्वव्यापीकरण, हिन्दूकरण, आधुनिक शिक्षा जस्ता कुराहरूले महत्वपूर्ण भूमिका खेलेको देखिन्छ । विशेषगरी अहिलेको शिक्षाले आदिवासीका परम्परागत अभ्यासहरूलाई अहिले समयको व्यवसाय र जीवन पद्धति भन्दा तल्लो स्तरको वा "पुरातनवादी" मानी अवमूल्यन गर्दछ । हिन्दू धर्मको प्रभावको कारण पनि आदिवासी जनजातिका संस्कार र संस्कृतिहरूलाई निच संस्कृतिको रूपमा हेर्दछन् । उदाहरणका लागि आदिवासी जनजातिहरूको लागि रक्सी महत्वपूर्ण वस्तु भएतापनि यसलाई मात लाग्ने खानेकुरा भनी हेयको दृष्टिकोणले हेरिन्छ । विश्वव्यापिकरण, हिन्दूकरण र सांस्कृतिकरण भएका आदिवासी जनजातिहरूले आफ्नो संस्कृति बिर्सिंदै गइरहेका छन् ।

बसाईसराई गरेका घरपरिवारहरूले आफ्नो थातथलो छाडेपछि आफ्नो भाषा-संस्कृति पनि छाड्दै गइरहेका छन् किनभने उनीहरूले त्यसलाई निरन्तरता दिने वातावरण नै पाउदैनन् ।

अहिलेको शिक्षाले व्यवहारीक र व्यावसायिक शिक्षा दिदैन, जुन पहिले आफ्नै घरमा नै दिइन्थ्यो । पेवा दिने चलनले व्यवहारीक र व्यावसायिक शिक्षा दुवै दिने भएपनि त्यसको चलन हराउ'दै गइरहेको छ । पेवाबारे जान्ने बुझ्ने व्यक्तिहरू पनि बिस्तारै कम कम हुँदै गइरहेका छन् । जसलाई यस बारे थाहा छ उनीहरूले पनि यसलाई युवाहरूमा राम्रो संग हस्तान्तरण गर्न सकिरहेका छैनन् ।

पेवालाई राम्रो अभ्यासको रूपमा प्रचार-प्रसार गर्न र त्यस्ता ज्ञानहरूलाई युवा पुस्तासम्म पुऱ्याउन जरुरी छ । पेवा गाउँमा मात्र अभ्यास हुने कुरा होइन, प्रतिस्पर्धात्मक अर्थतन्त्र भएको शहरमा पनि यसको प्रयोग गर्न सकिन्छ । सहि तरीकाले बच्चाहरूलाई पेवाको महत्वबारे बुझाएर उनीहरूलाई व्यवहारिक शिक्षादिएको खण्डमा उनीहरूले आर्थिक गतिबिधिमा सक्रिय भएर लाग्ने छन् । पेवाको अभ्यास गर्न सकेमा आदिवासी जनजाति समुदायको आर्थिक उन्नतिमा महत्वपूर्ण योगदान दिन सक्ने छ । •



# थारू प्रथाजन्य संस्था बरघर

■ **एकराज चौधरी**
बर्दिया
(प्रकाशन मितिः जनवरी २०२३/माघ २०७९)

नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था लागू भएपछी आदिवासी जनजाति थारूहरूको प्रथाजन्य संस्थाले पहिलो पटक कानूनी मान्यता पाएको छ। बर्दियाको बारबर्दिया नगरपालिकाले पहिलो पटक २०७७ पौष २९ गते बरघर ऐन पास गरी थारू प्रथाजन्य संस्थालाई बैधानिक मान्यता दिएको हो। बरघर ऐन पास गराउन बारबर्दिया नगरपालिकाका तत्कालिन नगर प्रमुख दुर्गाबहादुर थारूले निकै मेहनत गर्नु भएको थियो। बरघर ऐनले थारूहरूको साँस्कृतिक पहिचान, स्वशासनको अभ्यास जोगाउनुका साथै बरघरहरूले गर्दै आएको स्वयंसेवाको भावनामा अझ उर्जा थपिने उहाँको कथन थियो। यसले स्थानीय तहलाई सूचना प्रबाह गर्न, बिकास निर्माणमा जनसहभागिता बढाउनुका साथै उनीहरूमा राज्य प्रति अपनत्वको भावना जाग्ने उहाँको दाबी थियो।

बारबर्दियाले बरघर ऐन पास गरेपछि अहिलेसम्म दाङमा १, बर्दियामा ५, कैलालीमा ४ र कञ्चनपुरमा ४ गरी १४ स्थानीय तहहरूले मटावाँ/बरघर/भलमन्सा ऐन पास गरिसकेका छन्। कानून बन्नु आफैमा सकारात्मक कुरा हो तर धेरै पालिकामा यो कानून अभ्यासमा आउन सकेको छैन। बरघर ऐन लागू गर्ने पहिलो नगरपालिका

बर्दियाको बाँसगढी नगरपालिका बन्न पुगेको छ।

बर्दियाको बाँसगढी नगरपालिकाले आर्थिक बर्ष ०७८।७९ देखि उपभोक्ता समितिलाई बिस्थापित गर्दै टोल बिकास संस्था र त्यसकै समानान्तरमा बरघर संस्था दर्ता गर्ने कानून बनाएको छ। यानेकी जहाँ बरघर संस्था पहिलेदेखि नै छ त्यहाँ बरघर संस्था दर्ता गर्ने र जहाँ बरघर छैन त्यहाँ टोल बिकास संस्था दर्ता गरिन्छ। दर्ता भएका संस्थाबाट नै योजना निर्माण, योजना कार्यान्वयन र अनुगमन गर्ने नीति अबलम्बन गरेको छ। नगरको यो नीतिले बाँसगढीमा रहेका ४६ प्रतिशत थारूहरूले आफ्नो प्रथाजन्य बरघर संस्थालाई नगरमा दर्ता गराउन पाएका छन्। सो कार्यका लागि बाँसगढी नगरपालिकाका तत्कालिन नगर प्रमुख शालिकराम अधिकारी र उहाँको टिम धन्यबादको पात्र बन्नुभएको छ। यो नयाँ अभ्यासका बारेमा उहाँ भन्नु हुन्छ, सदियौंदेखि आफ्नो समाज आफै संचालन गरिरहेको आफ्नो बिकास आफै गरिरहेको, न्याय निसाफ र सामाजिक सदभाव कायम गरिरहेको प्रथालाई मान्यता दिएमा राज्यलाई यसले फाइदा नै गर्छ। सबैभन्दा पहिले त यो राज्य हाम्रो पनि हो भन्ने भावना यसले जगाउँछ। त्यसपछी उनीहरूको सूचना सम्प्रेषण गर्ने आफ्नै प्रणाली छ त्यसले नगरको सूचना एकैचोटी प्रबाह हुन सक्छ। सरकारको बजेट त्यहाँ होस की नहोस् उनीहरूले आफ्नो बिकास आफै गरिरहेकै छन् भने जनश्रम जुटाउन पनि सहज हुने भयो। अनी आफ्नो बजेट आफै प्रयोग गर्न पाउने भएपछि पारदर्शिता हुने र योजनाको सुरक्षा पनि हुने उहाँको कथन छ।

## कसरी अभ्यास भइरहेको छ त ?

बाँसगढी नगरपलिकाले नगर भित्रका सबै बरघरहरूलाइ परिचय पत्र बितरण गरेको छ। "पहिले गाउँको मात्रै बरघर थियौं, अब सरकारको पनि बरघर भयौं" बरघरहरूलाई परिचय पत्र बितरण गर्ने कार्यक्रममा सहभागी हुन आएका बाँसगढी २ बेतहनीका बरघर भोंसु थारूले भने। परिचय पत्रसंगै बरघरमा निर्बाचित भएको प्रमाण पत्र दिने प्रावधान पनि बरघर ऐनमा उल्लेख छ। यसबाट बरघरहरूको आत्मसम्मान बढनुका साथै उनीहरूमा काम गर्ने उर्जा अझ थपिएको छ। पहिले त न नाम थियो न दाम थियो हेर्नुस्, आफुले भिरेको परिचयपत्र देखाउँदै बाँसगढी ८ का बरघर बिट्टन थारूले भने। गाउँमा आउने सबै बजेट गाउँकै बैंक खातामा आउन थाले पछी जिम्मेवारी अझ थपिएको उनले बताए। बरघर ऐनले थारू पहिचान जोगाउनुका साथै राज्य प्रतिको अपनत्व पनि बढाएको छ। बरघर ऐनमा ३३ वटा थारू शव्दहरू परिभाषित गरिएका छन्। जुन शव्दहरूमा नाम, काम, पद्धती, प्रक्रिया, ज्ञान, शिप र बिश्वासहरू समाबेश छन्। त्यती मात्रै होइन आफ्ना पुर्खाहरूले राखेका गाउँका ऐतिहासिक नामहरू पनि नगरपालिकामा दर्ता गराएर उनीहरूले आफ्नो पहिचान जोगाइरहेका छन्। कञ्चनपुर बेलौरी नगरपालिकाका प्रमुख पोतीलाल चौधरीले थारू र रानाहरूको भलमन्सा प्रथालाइ कानूनी मान्यता दिएजस्तै अन्य समुदायको प्रथाजनित संगठन छ भने उहाँहरूलाइ पनि कानूनी मान्यता दिन आफू तयार रहेको बताउनु भएको छ।

## गाउँलाई नगरपालिकामा दर्ता गराउनु पर्ने

गाउँलाई कानून बमोजिम संस्थागत गर्न ऐनमा गाउँलाई दर्ता गर्ने प्रावधान राखिएको छ। यसरी गाउँलाइ दर्ता गर्न गाउँको बखेरीको निर्णय, बिधान, बखेरीले चुनेका कामकाजी अगुवाहरूको नागरिकता

र वडाको सिफारिस आबश्यक हुन्छ। गाउँलाई दर्ता गरेपछी नगरपालिकाले दर्ता प्रमाणपत्र दिन्छ। यस अघी थारू गाउँको स्वशासन मौखिक रूपमै चल्ने गरेको थियो। तर अब प्रत्येक गाउँले आफ्नो बिधान बनाउनु पर्ने जरुरी हुन्छ। बिधानलाइ ऐनको फर्मेटमा बनाउनु पर्ने भएकोले मौखिक रूपमा चलीरहेको भन्दा केही कुराहरू थप गरिएका छन्। जस्तै, थारू चलन अनुसार गाउँको क्षेत्र तोक्दा गुर्वाहरूले तन्त्र बिधिबाट सीद्ध गरी गाउँको चारै सीमानामा चार वटा काठका मौलाहरू गाड्दथे। तर गाउँको बिधानमा भौगोलिक सीमाना तोकिएको छ। गाउँभित्रका सबै घरधुरी गाउँको अभिलेखमा सूचिकृत हुनु पर्ने त्यसैगरी परिभाषा, काम कर्तव्य अधिकार, दायित्व, एउटा संस्थामा हुनुपर्ने सबै प्रावधानहरू बिधानमा राखिएको छ।

थारू पदाधिकारीहरूमा पहिले महिलाहरूको सहभागिता थिएन तर बरघर ऐनले ३३ प्रतिसत महिला अनिवार्य गरेको छ। त्यसैगरी गाउँको बैंक खाता संचालन गर्दा ३ जनामध्ये १ जना महिला अनिवार्य हुनु पर्ने प्रावधान छ। थारू चलन अनुसार गरिने रितीथितीहरूका लागि छुट्टै परिच्छेद बनाइएको छ। जस्तै जन्म, बिबाह, मृत्यु र सामूहिक रूपमा मनाइने जोग पर्बहरू कसरी मनाउने के गर्ने, के नगर्ने कुराहरू समेत उल्लेख गरिएको छ।



आफ्नै छाप, साइनबोर्ड हुने र गाउँ एक अबिछिन्न उत्तराधिकारवाला स्वपरिचालित र स्वशासित संगठित संस्था हुने र यसले व्यक्ति सरह सम्पत्ती प्राप्त गर्न बेचबिखन गर्न र हस्तान्तरण गर्न सक्ने भनिएको। यसबाट अब गाउँमा रहेका सार्बजनिक जग्गा भुमाफियाबाट जोगाउन सहज हुनेछ। आफ्नो गाउँको बिहौ कुवाँ (बिबाह गर्दा पूजा गरिने कुवा) व्यक्तिको नाममा परेपछि समस्या परेको बताउनु हुन्छ बर्दिया पुरान दमौलीका बरघर चेतराम थारू।

## योजना निर्माण र नेतृत्व चयन

थारू समुदायको नयाँ बर्ष माघ १ गतेबाट शुरु हुन्छ। त्यसका लागि माघ २ गतेदेखि बस्न शुरु हुने बखेरी (वार्षिक ग्राम सभा) माघ महिनाभित्र सक्नु पर्दछ। यो प्रक्रियालाई पनि ऐनले सम्बोधन गरेको छ। पहिले मौखिकरूपमा निर्णय गरिन्थ्यो तर अब यसलाई लिखित रूपमा गरेर नगरपालिकामा पेश गर्नु पर्दछ। एक बर्षे पदावधि हुने भएकोले नगरपालिकाले प्रत्येक बर्ष बरघरहरूलाई नयाँ परिचयपत्र दिन्छ।

स्थानीय तहको ७ चरणको योजनामध्ये बस्तिस्तरको योजना निर्माण बखेरीले नै गर्छ। जसका लागि योजना निर्माणको फाराम ऐनको अनुसूची र गाउँको विधानमा पनि राखिएको छ। प्राथमिकता अनुसार योजना राखिएको फाराम गाउँ बरघरले वडा कार्यालयमा पेश गर्छन्। वडाको कामलाई सहयोग र समन्वय गर्न वडा स्तरको बरघर समिति बनाइएको छ भने नगर स्तरको कार्यक्रमलाई सहयोग र समन्वय गर्न नगरस्तरीय बरघर समिति बनाइएको छ। पालिकाले न्याय सम्पादन गर्ने क्रममा आवश्यकता अनुसार गाउँ, वडा र नगर बरघरसँग समन्वय गरी न्याय सम्पादन गर्ने प्रावधान राखिएको छ।

## सिकाई

बरघर ऐनको पहिलो मस्यौदा बनाउँदादेखि नै सहभागी रहेकोले स्तम्भकारलाई धेरै कुरा सिक्ने अवसर मिल्यो। धेरै पटक कानूनविदहरूसँग, कैयौं पटक कानून लागू गर्ने ओहदामा बसेका राष्ट्रसेवक कर्मचारीहरूसँग र प्रत्यक्ष सरोकारवाला प्रथाजन्य संस्थाका अगुवाहरूसँग छलफल गर्ने मौका पाइयो। कानून पास भइसकेपछि परिचय पत्र मात्रै पाउँदा पनि बरघर हुन प्रतिस्पर्धा हुने गरेको पाइयो। यस अघि बरघर बन्न कोही मन नगर्ने हुनाले आलोपालो प्रणाली र कुनै गाउँमा चिट्ठा हाल्ने सम्म हुन्थ्यो तर ऐन पास हुनासाथ कतीपय गाउँमा चुनाव नै भयो र युवा बरघरको संख्या बढ्न थालेको छ।

मौखिक रूपमा संचालन हुँदै आएका गाउँहरूलाई लिखित कानून र विधानका आधारमा संचालन हुनु पर्दा औपचारिकता बढी व्यवहारिकता कम हुन्छ की भन्ने लागेको छ। तै पनि प्रत्येक वर्ष गाउँको बखेरी बस्ने भएकोले यसलाई अद्यावधिक गर्न सकिएला भन्ने लागेको छ।

संस्थालाई कानूनी मान्यता दिनका लागि सबै गाउँले पान नम्बर पनि लिएका छन्। गाउँ नबिकरण गर्न लेखापरिक्षण गराउनु पर्ने, बर्षेनी कर तिर्नुपर्ने भएकोले गाउँले थप आर्थिक भार व्यहोर्नु पर्ने निश्चित छ। एक संस्था बराबर कम्तिमा पनि रु. ५०००। लेखापरिक्षण शुल्क तिर्नुपर्ने भएकोले एक पालिकाबाट १० लाख भन्दा बढी रकम बाहिरिनेछ।

अहिले लेखापरिक्षण गराउने विषयमा नगरपालिकाको टाउको दुखाइ शुरु भएको छ। यस विषयमा बाँसगढी नगरपालिकाका बर्तमान नगर प्रमुख खडक बहादुर खड्काले यस बर्षका लागि टेन्डरबाट सबै गाउँ र



टोलको लेखापरिक्षण गराउने र आगामी दिनमा एक गाउँ एक संस्थाको रूपमा संस्थागत गर्ने बताउनु भयो। गाउँ फुटाएर धेरै संस्था बनाएर मात्रै बिकास नहुने बरु उनीहरूलाई कसरी जिम्मेवार बनाउने तर्फ लाग्नु पर्ने उहाँको कथन थियो।

बरघरले कानूनी मान्यता पाए संगै उनीहरूले मान, प्रतिष्ठा पनि बढेको छ। गाउँमा हुने बिकास निर्माणका कामका लागि गाउँकै बैंक खातामा पैसा आउने भएपछि लाभ लिन पाउने आशामा खराब नियतका मानिसहरूले प्रतिस्पर्धा गर्न सक्छन्।

कतिपय गाउँमा दलगत स्वार्थका आधारमा चुनाव पनि हुने संभावना पनि रहनेछ। बारबर्दिया नगरपालिकाका पुर्व प्रमुख दुर्गाबहादुर थारूले बरघरलाइ पैसा र दलगत स्वार्थबाट टाढै राख्ने संयन्त्र बनाउनु पर्ने बताउनु हुन्छ। दाङ जिल्लाको घोराही उपमहानगरपालिका प्रमुख नरुलाल चौधरीले थारूहरू अल्पमतमा रहेकोले गाउँमा मटावाँ (दाङमा बरघरलाइ मटावाँ र कैलाली कञ्चनपुरमा भलमन्सा भनिन्छ) छान्दा गैर थारू नै गाउँ मटावाँ छानिएर आउने संभावना रहेको बताउनु हुन्छ।

अन्त्यमा, गणतन्त्र त आयो तर आम नागरिकहरूका लागि केही आएन भन्नेहरूका लागि बरघर ऐन गतिलो उदाहरण हो। यदि गणतन्त्र नआएको भए, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था लागू नभएको भए यो अधिकार थारूहरूले पाउने थिएनन्।

त्यसका लागि हामीले २०५६ जेठ १८ गते जुन दिन सर्बोच्च अदालतले नेपाल भाषा र मैथली भाषालाइ स्थानीय निकाय भित्र आधिकारिक रूपमा प्रयोग गर्न नपाउने भन्दै रीट जारी गरेको संम्झीनु पर्दछ। त्यसैले अन्य आदिवासीहरूका प्रथाजन्य संस्थाहरूलाई लागू गराउन छलफल चलाउन जरुरी छ।



# तितेमाछा र आदिवासी अधिकार

■ **सन्तोष नेम्वाङ**
इलाम
(प्रकाशन मितिः डिसेम्वर २०१६/मंसिर २०७३)

बर्षायाम होस वा हिउँद याम, नेपालमा बग्ने नदी नालामा, खोला खोल्सीमा, दुवाली फर्काउन, बल्छी खेल्न, ढडिया थाप्न, जाल हान्न र माछा मार्न कहिकतै पनि रोकटोक छैन। तर नेपालीहरूको स्वादिष्ट परिकारको रूपमा परिचित माछा मार्नलाई पाँचथरको मेवा, इवा खोलामा भने उभौली, उधौली याममा ढडिया थाप्न, जाल हान्न, बल्छी खेल्नलाई जो सुकैले पाउँदैन। पाँचथर र ताप्लेजुङ्ग जिल्लाको सीमाना भई बग्ने मेवा, इवा खोलामा माछा मार्न आफ्नो नाममा ठेक्का नै पर्नुपर्छ।

असला, काभ्रे, तितेमाछा प्रशस्त पाइने मेवा-इवा खोला विशेष गरी तितेमाछाका लागि प्रसिद्ध छ। यसपटक खोलाको तितेमाछा मार्नलाई फलैचा-५ का ५३ बर्षीय अर्जुन बेघाले रु.१० हजारमा ठेक्का हात पारेका छन्। गत वर्ष फलैचा गाउँ परिषदमा

माछा मार्नलाई खोलिएको बोलपत्र आव्हानमा यस वर्ष पनि अर्जुनले नै ठेक्का हात पारेका हुन् ।

गएको वर्ष पनि बेघाले ८ हजार रूपैंया गाउँ विकास समितिलाई बुझाउने शर्तमा तितेमाछा मार्न लिएको ठेक्कामा आफुले नोक्सान व्यहोर्नु परेन । 'यसपटक पनि आशा गरेजति फाईदा लिने सोचले म उत्साहित छु' ठेकेदार बेघाले बताए । 'यसपटक पनि मैले तितेमाछा मार्ने ठेक्का लिएको छु, उद्यौली उभौलीमा माछा मार्न अरुलाई अधिकार छैन' उनले भने ।

हरेक वर्ष उद्यौली, उभौलीमा मारिने तितेमाछा छिमेकी जिल्ला ताप्लेजुङ, इलाम, भारत, सिङ्गापुर, वेलायतदेखि खाडी मुलुकहरूसम्म कोशेलीको रूपमा पठाइने गरिन्छ । विदेशमा रोजगारीको रूपमा रहेका आफन्तलाई गाउँघरको खोलामा पाइने तितेमाछालाई सुकुटी बनाई कोशेली पठाउन स्थानीय बासिन्दामा होडवाजी नै चल्छ ।

'माछा मारेको निमेक राम्ररी नै उठाउँछु, यसवाट मलाई घाटा छैन' ठेकदार बेघाले सुनाए । मेवा र इवा खोलामा मारिएका तितेमाछा प्रति धार्नी आलोमा एकहजार रूपैयाँसम्म घर गाउँमा नै विक्री हुने गर्छ । बाँकी पाँचथरको च्याङथापु, सिनामको पञ्चमी बजार, थर्पु बजारमा विक्री हुने गर्छ ।

पाँचथरको फलैचा, अमरपुर, ओयाम, च्याङ्गथापुबासीहरूले सालको दुई पटक उद्यौली र उभौलीमा तितेमाछाको स्वाद लिने गरेका छन् । घरमा आउने पाहुनालाई तितेमाछाको रस खुवाउन पाउँदा गर्व लाग्ने गरेको फलैचा-४ की कल्पना बेघाले बताइन् । 'तितेमाछा बेच्न बजारको उचित प्रवन्ध नभए पनि गाउँघरमा सुकुटी बनाई जोहो गर्न हारालुछ हुन्छ' कल्पनाले भनिन् ।

पहिला पहिला तितेमाछा मार्ने अधिकार लिम्बु सुब्बाहरूमा थियो । वि.सं. २०३१ सालको जग्गा नापीपछि लिम्बु सुब्बाको पदसंगै तितेमाछा मार्ने अधिकार खोसिएको ऐतिहाँसिक दस्तावेजमा पाइन्छ । वि.सं. २०३७ सालदेखि स्थानीय गाउँ विकास समितिले नै तितेमाछा मार्ने ठेक्का प्रथा लागु गरेको छ ।

**'माछा मारेको निमेक राम्ररी नै उठाउँछु, यसबाट मलाई घाटा छैन' ठेकदार बेघाले सुनाए । मेवा र इवा खोलामा मारिएका तितेमाछा प्रति धार्नी आलोमा एकहजार रूपैयाँसम्म घर गाउँमा नै बिक्री हुने गर्छ ।**

तितेमाछाबाट आएको आम्दानीलाई स्थानीय बाटोघाटो, चौतारो, कुलोपैनी, फड्केसाँगु, विद्यालय मर्मत गर्न खर्च हुने गरेको छ । वि.सं. २०३१ सालसम्म सुब्बाको पदमा रही रैती बस्ती वसाएका ७३ बर्षीय सुब्बा हर्कप्रसाद बेघा भन्छन "ऊ वेला मेवा र इवा खोलामा माछा मार्न, भीरमौरी काढ्न, जङ्गल सुरक्षा गर्न, भूमि माथीको अधिकार सरकारले सुब्बालाई दिएको थियो, त्यसवेला सुब्बालाई ठेक्का बुझाएपछि रैतीलाई भुमिको भोगचलन गर्न कुनै रोकटोक थिएन, किपट अन्तर्गत वन जंगलको सुरक्षा राम्ररी गरेका थियौ ।"

बेघाको भनाई अनुसार त्यसवेला वनजंगल माथिको नियन्त्रण, व्यवस्थापन र हकभोग आदिवासीहरूमा रहेको थियो । वनजंगलको श्रोत तथा वन्यजन्तुको सन्तुलित पर्यावरण अनुकूल रहने गरी समुदायहरूले

सुब्बा प्रणाली अन्तर्गत व्यवस्थापन गरेका थिए। किपट प्रणालीमा समुदायलाई आवश्यक पर्ने वनलाई सीमाङ्कन ढुङ्गा गाढेर गर्थे, जसलाई ढुङ्गा बाँध्ने भनिन्थ्यो। सो वनवाट काठपात लिन र दिनलाई सुब्बावाट अनुमति लिनुपर्थ्यो।

विरुवा लगाउने याममा सवै मिलेर रूख विरुवा लगाउने काम व्यवस्थित रूपले गरिन्थ्यो। कसैलाई पनि वनजंगलवाट पाउने सेवा सुविधाबाट विभेद थिएन। यसरी पुस्तौदेखि आदिवासी र स्थानीयवासीहरूले किपट वनहरूमा चरिचरण, खोरिया फाड्ने लगायत परम्परागत रूपमा आफ्ना ज्ञान सीपहरूको प्रयोग

**मेवा-इवा खोलामा तितेमाछाको दुई पटक सिजन आउँछ । उद्यौलीको तितेमाछा साह्रै तितो हुन्छ, उभौलीको कम तितो हुन्छ । यस पटक उभौलीमा तितेमाछा फुल पार्न आएका वेला असार अन्तिमदेखि भदौ अन्तिमसम्म तितेमाछा मार्न ठेकेदार अर्जुन बेघाले ठेक्का लिएका थिए ।**

गर्न र गराउन पनि वन्देज थिएन। जब यस्ता वनलाई निजी वनजंगल राष्ट्रियकरण गर्ने ऐन २०१३ अनुसार सरकारको स्वामित्वमा ल्याइयो तब पुर्वी क्षेत्रका सवै वन लापरवाही पुर्वक कटान गरी विनाश भएर गएको स्थानीयहरू बताउँछन्।

पाँचथरको फलैचा र च्याङ्गथापुमा पछिल्लो पुस्तामा सात भाई सुब्बाले हैकम जमाएर बसेका थिए। सात भाइकै बराबर अधिकार थियो। उनीहरूको तीतेमाछा मार्ने खोलाको दह, भीर मौरी काढ्न भीरहरू वन जंगलहरू किपटको रूपमा चारकिल्ला बाँधी आ-आफ्नो क्षेत्रको अंशवण्डा गरेका थिए।

उनीहरूको आफ्नै रैती, भैयाद, थरी, मुखिया, बुढ्यौली थिए। साझा भुमिमा सामुहिक खेती गरिन्थ्यो। तर बि.सं. २०२१ सालमा लागु भएको भूमि सुधार ऐन र बि.सं. २०३१ सालको नापीले सुब्बा पदसंगै जल, जमिन, जंगलमाथिको आफ्नो अधिकार खोसिएको पछिल्लो सुब्बा ९० बर्षीय चन्द्र बहादुर माङ्गमुले बताए। उनले भने, ऊ बेला रैती र भैयादले तितेमाछा मारेर र भीर मौरी काढेर सबैलाई पुऱ्याउँथे, खै अहिले त यहाँका आदिवासीहरू नै भुमिहिन भएका छन्, भीर मौरी त देख्न पनि पाइदैन, तितेमाछा पनि हम्मे पर्छ पाउनलाई।'

मेवा-इवा खोलामा तितेमाछाको दुई पटक सिजन आउँछ। उद्यौलीको तितेमाछा साह्रै तितो हुन्छ, उभौलीको कम तितो हुन्छ। यस पटक उभौलीमा तितेमाछा फुल पार्न आएका वेला असार अन्तिमदेखि भदौ अन्तिमसम्म तितेमाछा मार्न ठेकेदार अर्जुन बेघाले ठेक्का लिएका थिए। उनीले माछा मार्ने रहस्य खोल्दै भने-'उद्यौली र उभौलीमा तितेमाछाले फुल पार्ने भएकोले ढडिया थाप्छौं। अरु बेला माछा मार्न हुँदैन।' सिजन हुँदा एक रातमा ६ देखि १० वटासम्म ढडिया भरिने र यसको वजन पाँच धार्नीसम्म हुने पनि बेघाले जानकारी गराए। एक पटक ढडिया थापेपछि १५ दिनसम्म पर्खनु पर्ने बेघा बताउँछन्।

यसपटक २० धार्नीको अग्रिम पैसा लिई सकेको बताउने अर्जुन बेघा भन्छन्-'माछा मार्न सजिलो छैन, रातभरी झरीपानी, बाढी पहिरो, नभनी खोलामा रात बिताउनु पर्छ। अझ, अहिले जलवायु परिवर्तनले खोलानाला दिनानुदिन सुक्दै जादैछ। यता खोलामा

विषादी हाल्ने र कर्तुत (ब्लाष्टिङ्ग) पड्काउनाले गर्दा माछा पाउन निक्कै मेहनत गर्नुपर्छ।' बेघाले तितेमाछा मार्नका लागि १३ वर्षदेखि ठेक्का मार्दै आएका छन्। तितेमाछा अरु माछा जस्तो सजिलो गरी पाइदैन्।

आकारमा हातको बुढीऔंला जत्रो, आँखा ठूलो, टाउको मोटो, पंखेटा छोटो धारिलो, पुच्छर पातलो हुने तितेमाछा डुलीचरी रहने भएकोले फुल पार्ने वेला एकै ठाउँ भएको मौका पारेर थकौली (ढडीया) मा पार्नुपर्ने बेघा बताउँछन्। 'फुल पार्न आएको वेला मसिना दुलादुली भएको चाल्नी जस्तो ढडीया थाप्नु पर्छ। ढडीयाको मसिना चाल्नी जस्तो दुलोबाट माछाका फुल र बच्चाहरू छिरेर जान्छन् अर्को साल त्यही बच्चाहरू वयस्क भई फुल पार्न आएको मौकामा त्यसै गरी ढडीया थाप्छौं। यसरी नै प्रकृतिमा रमाउदै जीवन चल्छ र जैविक विविधतामा पनि सन्तुलन आउँछ, उनले भने।

तितेमाछा मार्ने अधिकार गोरखाका राजाले लिम्बु जातिलाई दिएको लालमोहरमा उल्लेख गरिएको छ र स्वयम् लिम्बु जातिको धार्मिक परम्परासँग पनि यसको सम्वन्ध जोडिएको छ। लिम्बु जातिको घरपुजा र वनपुजामा तितेमाछा अनिवार्य जस्तो हुने गरेको लिम्बु पुजारीहरू बताउँछन्।

बि.सं. १८३१ साउन २२ गते शाह वंश र लिम्बु जाति बीच भएको संम्भौता (लालमोहर) मा भूमिको अधिकार मात्र नभई नदीनाला, जंगल, पशुपंक्षी, तितेमाछा, जगरबगर सबै अरुणपूर्वका किरात लिम्बुलाई दिई अन्नपानीको सन्धी गरेका थिए।

यसरी पञ्चखत बाहेकका सम्पूर्ण अधिकार पाएका लिम्वुहरूले तितेमाछा मार्न गाउँ विकास समितिमा ठेक्का हात नपारे माछा मार्न मनाही छ।

यता अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि १६९ को प्रावधान अनुसार आफु बसोबास गर्ने राज्यको संरचना भित्र रहेर आदिवासी जनजातिहरूले आफ्नो संस्था, जीवनपद्दती तथा आर्थिक विकासमाथि नियन्त्रण राख्ने तथा आफ्नो पहिचान, भाषा तथा धर्मलाई निरन्तरता दिने र विकास गर्ने अधिकार र आदिवासी जनजातिका अधिकारसम्वन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्रले प्रदान गरेको जल, जमिन,

**आकारमा हातको बुढीऔंला जत्रो, आँखा ठूलो, टाउको मोटो, पंखेटा छोटो धारिलो, पुच्छर पातलो हुने तितेमाछा डुलीचरी रहने भएकोले फुल पार्ने वेला एकै ठाउँ भएको मौका पारेर थकौली (ढडीया) मा पार्नुपर्ने बेघा बताउँछन्।**

जंगलमा आदिवासीको अग्राधिकारलाई अव लेखिने संसोधित संविधानमा आदिवासीहरूको लेखत्व, अपनत्व र अनुभूतिसहित उल्लेख र कार्यान्वयन गराउने कार्य एउटा ठुलो चुनौतीको रूपमा रहेको छ। यसपटक अर्जुन बेघाको ढडीयामा र थकौलीमा तितेमाछा पर्नलाई जति समस्या र चुनौती छ आदिवासीको पक्षमा संविधान लेखिन पनि उत्तिकै ठूलो चुनौती छ।

अन्त्यमा, तितेमाछा सबैले सधै सधै खान पाउन्, परम्परागत ज्ञान, सीपहरू संरक्षण गर्न सकौं र संविधान पनि सबैको लागि र सधैको लागि लेख्न सकियोस्।

# परम्परागत मटाँवा प्रणालीको औचित्य अहिले पनि उत्तिकै

**माधब चौधरी**
दाङ
(प्रकाशन मितिः मे २०१९/जेठ २०७६)

कुनैपनि जाति जनजाति हुनका लागि उसँग आफ्नो समाज चलाउने आफ्नो छुट्टै प्रणाली हुनुपर्छ। आदिवासी कुनै ठाउँको सबैभन्दा पुरानो बासिन्दा भएकोले उसले स्वाभाविक रूपमा समाज चलाउने नियम अरूलाई देखेर होइन, आफैले भोगेको आधारमा बनाएको हुन्छ। त्यसैले, त्यो समुदाय सञ्चालनको विधि मौलिक हुन्छ। यही मौलिकता थारू जातिको मटाँवा प्रणालीमा देख्न सकिन्छ। मानव विकासको क्रममा थारू समुदायले समाज सञ्चालनको विधिको रूपमा मटाँवा प्रणाली विकास गरेको छ। दाङमा मटाँवा भनिने यस प्रणालीलाई बाँके र बर्दियामा बरघर तथा कैलाली र कञ्चनपुरमा भलमन्सा भनिन्छ।

## गठन प्रक्रिया

मटाँवा गाउँको अगुवा हो। कुनै पनि व्यक्ति अगुवा हुनलाई उसलाई समाजले मानेको हुनुपर्छ। समाजले उसलाई मान्नका लागि उसले समाजको लागि निःस्वार्थ रूपमा काम गरेको हुनुपर्छ। त्यसैगरी उसलाई समाजले नै छनोट गरेको हुनुपर्छ। थारू समुदायको मटाँवा प्रणाली यी सबै विशेषता भएको प्रणाली हो। थारूहरूले नयाँ बर्षको रूपमा माघी पर्वसँगै आफ्नो अगुवा अर्थात् मटाँवा चुन्ने गर्छन्। थारूहरूको नयाँ वर्ष माघे संक्रान्तिदेखि शुरू हुन्छ। सामान्यतयाः माघको दुई गते यो चुनाव हुनेगर्छ। हरेक वर्ष नयाँ मटाँवा चुन्ने वा पुरानैलाई अनुमोदन गर्ने काम हुने भएकोले यो एक अत्यन्तै लोकतान्त्रिक प्रणाली हो।

## मटाँवाको काम

मटाँवाको कामको दायरा फराकिलो छ। उनीहरूको कामअन्तर्गत मुख्यतः यी कुराहरू पर्छन् : क) विकास निर्माणका (खासगरी गाउँलेहरूले आफ्नै पहलमा गर्ने) योजनाको नेतृत्व गर्ने, ख) गाउँमा नियमित सञ्चालन हुने सामूहिक पूजाको अगुवाई गर्ने, ग) गाउँमा छिनोफानो गरिने न्याय प्रक्रियाको अगुवाई गर्ने, घ) विवाह, मृत्युसंस्कार जस्ता सामूहिक रूपमा हुने कार्यहरूमा कामको बाँडफाँड र जनशक्ति परिचालन गर्ने, ङ) कुलापानी नियमित सञ्चालन गराउने च) वन लगायतका प्राकृतिक स्रोत साधन संरक्षण र उपभोगका लागि स्थानीय समुदायलाई परिचालन गर्ने।

## प्राकृतिक स्रोत साधन परिचालनमा मटाँवाको भूमिका

आदिवासी जनजाति थारूहरू परम्परागत रूपमा कृषि पेशामा संलग्न छन्। अहिले पनि उनीहरूको मुख्य पेशा कृषि हो। कृषि आफैमा प्राकृतिक स्रोतसँग सम्बन्धित पेशा हो। त्यसैले, पर्याप्त जल, जंगल र जमिनबिना उनीहरूको जीविकोपार्जन चल्दैन। यी तीन प्राकृतिक स्रोतसँगको अटुट नाताका कारण

उनीहरू यी स्रोतको उपभोग मात्र होइन, संरक्षण र पूजा समेत गर्छन्। र, यी सबै कार्यको नेतृत्व मटाँवाहरूले गर्दैआइरहेका छन्। राज्यको कुनै पनि नीतिले अहिलेसम्म उनीहरूको भूमिकालाई स्वीकार नगरेपनि नजिकको वनको संरक्षण, वनबाट अत्यावश्यक सामाग्रीहरूको संकलनको मिति निर्धारणलगायत अनुगमनको कार्य परम्परागत रूपमा मटाँवाहरूले गर्दैआइरहेका थिए। सामुदायिक वनको अवधारणा अभ्यासमा आएपछि अहिले उनीहरूको त्यो भूमिका सकिएको अवस्था छ।

प्राकृतिक स्रोत साधन परिचालन सन्दर्भमा जलस्रोतको व्यवस्थापनमा मटाँवाहरूको सबैभन्दा बढी सक्रिय भूमिका हुन्छ। दशौं किलोमिटर टाढाको खोला वा नदीबाट उनीहरूकै नेतृत्वमा कुलो खनेर खेतबारीमा पुऱ्याइएको छ। यो कार्यमा पूर्ण रूपमा स्थानीय बासिन्दा र स्थानीय स्रोतको उपयोग गरिन्छ। कुलो मर्मत, पानी उपभोगको पालो निर्धारण, परम्परागत नियम कसैले मिचेमा जरिवाना असुल्ने कार्य पनि उनीहरूकै नेतृत्वमा हुने गर्छ। थारू समुदायका धेरै संस्कारहरू प्राकृतिक स्रोतसँग जोडिएका छन्। असारसम्म पनि पानी परेन भने 'गैया बेहर्ना' पूजा गरिन्छ, जस्तोसुकै खडेरीको समयमा पनि यो पूजा गरेपछि पानी परेको भनाई छ। सो समयमा गाइँने सजना गीत गाउँदा मात्रै पनि पानी पर्छ भन्ने जनबिश्वास छ।

## मटाँवाहरूको अहिलेको अवस्था

देशमा हुने राजनीतिक परिवर्तन र सामाजिक परिवर्तनसँगै मटाँवा प्रणालीले पनि उतारचढाव झेलेको देखिन्छ। सयौं वर्षसम्म पनि कुनै अवरोध बिना चल्दै आएको यो प्रणाली सशस्त्र द्वन्द्वकालमा केही ठाउँमा सुस्ताएको थियो। समाज सञ्चालन गर्ने जिम्मेवारी र क्षमतालाई द्वन्द्वरत माओवादी र राज्य दुवैपक्षले दुरूपयोग गर्न खोज्दा उनीहरू चेपुवामा परेका थिए। त्यसैगरी, राजनीतिक अस्थिरताका कारण मानिसमा विकास भएको स्वच्छन्दताले मटाँवालाई नमान्ने प्रबृत्तिको पनि विकास भयो। त्यसले गर्दा मटाँवा बन्न डराउने अवस्था आयो। परिवर्तित समयअनुसार आफूलाई अद्यावधिक गर्ने मौका नपाएकोले मटाँवाहरूले पनि आफ्नो क्षमता विकास गर्न सकेनन्। अन्ततः केही गाउँ मटाँवाविहीन पनि भयो।

**प्राकृतिक स्रोत साधन परिचालन सन्दर्भमा जलस्रोतको व्यवस्थापनमा मटाँवाहरूको सबैभन्दा बढी सक्रिय भूमिका हुन्छ। दशौं किलोमिटर टाढाको खोला वा नदीबाट उनीहरूकै नेतृत्वमा कुलो खनेर खेतबारीमा पुऱ्याइएको छ।**

तर, राजनीतिक जागरणकै क्रममा थारू लगायतका आदिवासी जनजातिहरूमा आफ्नो साँस्कृतिक पहिचानको बारेमा जागरण आयो। यो जागरणले मटाँवा प्रणालीलाई पुर्नस्थापित गर्न मद्दत गरेको छ। केहि समय मटाँवाविहीन भएका गाउँहरूमा पनि अहिले पुनः मटाँवा छनोट गरिएको छ। कतिपय गाउँमा गैर-थारू व्यक्ति पनि मटाँवा भएका छन् भने कतिपय ठाउँमा महिलाले पनि यो जिम्मेवारी सम्हालेका छन्। बन्द भएको गुरै पूजा (गाउँले र बालीनालीको रक्षा हुने विश्वासका साथ वर्षमा दुईपटक गरिने सामूहिक पूजा) गर्ने चलन पुनः

थालिएको छ। त्यति मात्र होइन, मटाँवाहरू गाउँपालिका, जिल्ला र केन्द्रियस्तरका 'मटाँवा महासंघ' गठन गरेर आफूलाई बलियो बनाउने प्रयासमा लागेका छन्।

## मटाँवाहरूका अहिलेका मागहरू

क) राज्यले कानुनी रूपमै मटाँवा प्रणालीलाई मान्यता दिनुपर्ने।

ख) सरकारको सेवा प्रवाह तथा विकास निर्माणक्रममा सम्बन्धित क्षेत्रका मटाँवालाई अनिवार्य सहभागिता गराइनुपर्ने।

ग) स्थानीय तहको योजना छनोट र अन्य महत्वपूर्ण निर्णय प्रक्रियामा मटाँवाहरूको अनिवार्य सहभागिताको वाध्यात्मक व्यवस्था गरिनुपर्ने।

घ) मटाँवाहरूलाई राज्यको परिवर्तित कानून, नीति तथा कार्यक्रमहरूबारेमा नियमित रूपमा अभिमुखीकरण गरी उनीहरूको क्षमता विकास गराउनुपर्ने।

ङ) गैरसरकारी निकायले पनि आफ्नो कार्यक्रम लागू गर्दा सम्बन्धित ठाउँका मटाँवासँग परामर्श तथा समन्वय गर्नुपर्ने।

## मागहरूको औचित्य

मटाँवाहरूका माग निम्न कारणले औचित्यपूर्ण छ भन्न सकिन्छ।

क) नेपालले लागू गरेको अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धी १६९ ले व्यवस्था गरेअनुरूप राज्यले जनजातिका परम्परागत संगठनको संरक्षणका लागि विशेष एवं उचित उपाय अबलम्बन गर्नुपर्ने भएकोले।

ख) मटाँवाहरू स्थानीय समस्या, आवश्यकता र समाधानबारे सबैभन्दा बढी जानकार व्यक्तिहरू भएकाले।

ग) कुनैपनि जाति समुदायको साँस्कृतिक मूल्य मान्यताको संरक्षण गर्ने दायित्व राज्यको पनि भएकाले।

घ) सरकारी विकास निर्माणका योजनाहरू कम लागतमा प्रभावकारी रूपमा कार्यान्वयन गराउन मटाँवाहरूले नै जनपरिचालन गर्न सक्ने भएकाले।

छ) जनतासम्म सूचना प्रवाहको लागि पनि मटाँवा सबैभन्दा उत्तम माध्यम भएकोले।

छ) मटाँवाहरूले राजनीतिक आग्रह/पूर्वाग्रह विना निःस्वार्थ रूपमा समाजसेवा गरिरहेकाले।

## अन्त्यमा

मटाँवाहरूले चिल्लो, मिठो भाषण गर्न नजान्लान्, तर स्थानीय सवालका सबैभन्दा बढ्ता जानकार व्यक्तिहरू उनीहरू नै हुन्। स्थानीय समुदायको नेतृत्व गरेको, सबैभन्दा लामो अनुभव भएको संगठन पनि मटाँवा प्रणाली नै हो। प्रणाली र प्रक्रियामा कुनै सुधार आवश्यक भए सो गर्न सकिन्छ। यो प्रणाली आदिवासी थारू जातिबाट शुरूवात भएको भएपनि जुनसुकै जातको व्यक्ति मटाँवा बन्न सक्छ। अहिले पनि विभिन्न गाउँहरूमा गैर-थारू व्यक्ति मटाँवाको रूपमा भेटाउन सकिन्छ।

थारू नै मटाँवा भएको ठाउँमा पनि गैर-थारूहरूले यस प्रणालीलाई सहजै स्वीकार गरेको अवस्था छ। अब राज्यले औपचारिक रूपमा स्वीकार गर्नु आवश्यक छ। ●

madhabgurbaba@gmail.com




# विधवा थारू महिलाले घरमा नयाँ पति भित्र्याउने भ्वाँर विवाह प्रथा कानूनी मान्यताको पर्खाइमा

■ **पुष्पा चौधरी**
गुर्वावा एफ.एम., बर्दिया
(प्रकाशन मितिः मे २०१९/जेठ २०७६)

धेरैलाई सुन्दा अनौठो लाग्न सक्छ तर पश्चिम नेपालको थारू आदिवासी जनजाति समुदायमा पतिको मृत्यु भएमा महिलाले नै मृत्यु भएको पतिको घरमा अर्को पुरुषलाई नयाँ पतिको रूपमा भित्र्याउने परम्परा छ। यस परम्परालाई थारू समुदायमा 'भ्वाँर पैस्ना' भनिन्छ।

पाँच छोराछोरी नाबालक छँदै पतिको मृत्यु भएपछि बर्दिया बठुवाताकी बिन्ती थारू एकल भइन्। पतिको मृत्यु भएपछि साना छोराछोरीको लालनपालन बृद्ध भएका ससुरासँग मिलेर गर्दै आएकी थिइन्। केहि समयपछि उनको ससुरा पनि बिरामीले थला परेपछि घरव्यवहार चलाउन बिन्तीलाई झनै अप्ठ्यारो भयो। उनले भोग्नु परेका समस्या र छोराछोरीको दुःख देखेपछि उनका ससुराकै सल्लाहमा गाउँका अगुवाहरूले उनलाई नयाँ पति खोजिदिन थाले र

अन्ततः दमौलीका जितबहादुर थारूलाई उनको नयाँ पतिको रूपमा ल्याउने निधो भयो । घरमा नयाँ पति ल्याएपछि बठुवातालकी बिन्ती थारूले नयाँ जीवन पाइन् । बिन्ती भन्छिन्- 'ससुरा बिरामीले थले । मेरा पाँच साना छोराछोरी कसले पालिदिने ? म अब कहाँ जाउ कहाँ जाउ भन्दै छोराछोरी लिएर मर्न जान लागेकी थिए । तर भाइले देखेपछि मर्न जान दिएन । तीन चार दिनसम्म यस्तै गरेँ । घर छोराछोरी पनि छोड्न नसक्ने, घरमा सुँगुर पालेको थियो । अलिअलि भएको जग्गा बन्धकीमा थियो । नयाँ श्रीमान् घरमा ल्याएँ, विवाह गरेँ । उहाँ आएपछि बटैया खेती गरेर खान थाल्यौँ । ऋण तिर्‍यौं । छोराछोरीलाई पनि मेरो नयाँ श्रीमानलाई काका नभन्नु बाबा भन्नु भनेर गाउँका अगुवाहरूले सिकाउनु भयो । पहिलेको भन्दा अहिले राम्रो भएको छ ।'

भैसासुरकी बाटुली चौधरीको पति बनमा घाँस काट्न गएको बेला लडेर बितेपछि, उनले आफ्नो पति मात्र गुमाएनन्, उनका सासु-ससुराले बुढेसकालको आफ्नो सहारा पनि गुमाए । छोरा नै बितेपछि उहाँहरूलाई छोराको आवश्यकता खट्कियो । टुहुरा नाति र गर्भवती बुहारीको पालन तथा हेरचाहको लागि पनि सासु-ससुराले नै बुहारीको लागि नयाँ श्रीमान् खोजेर ल्याइदिए । भैसासुरकी बाटुलीकी सासु बेगरन्या भन्छिन्- 'घरसल्लाहले नै ल्याएको । अर्को नल्याए त कामै नचल्ने, घरै नचल्ने । हामीले नै बुहारीका लागि श्रीमान् खोजेर दाङ्ग उर्हि गाउँबाट ल्याइदिएका हौं ।'

भ्वाँर पसेमा भ्वाँर पस्ने पुरुषको पुरानो थर खारेज भई पत्नीकै थर कायम हुन्छ । त्यसैले होला कतिपय पुरुष भ्वाँर पस्न रूचाउँदैनन् । तर दुःख पाएका पुरुषका लागि भने भ्वाँर पस्ने चलनले जिन्दगी नै उज्यालो बनाएका प्रशस्त उदाहरणहरू छन् । बर्दिया भैसासुरका कालीचरण चौधरी भन्छन्- 'उहाँको छोरा बितेको रहेछ । अनि मेरा ससुरा नाता पर्नेले



यो कुरा जानकारी गराउनुभयो। अनि म यहाँ आएँ। म घरबाट भागेर आएको हुँ। म मात्र एउटा भेष्ट र एउटा कट्टुमा यहाँ आएँ। कपडा खोज्न थालेपछि आमाले कहाँ जान लागेको भन्नुहोला भनेर म भागेर आएको हुँ। जेठको २७ गते हो, धेरै वर्ष भइसक्यो अब त। पछि बाबा खोज्न आउनुभएको थियो। अनि म गएँ माघीमा जान्छु, नभए जान्न भने। आफ्नो घरमा हुँदा त धेरै दुःख पाएको थिएँ। विवाह गरेर आएपछि मलाई यहाँ राम्रो भयो।'

छोराछोरी सानै भएको बेला पतिको मृत्यु भएपछि त्यस्ता विधवाले नयाँ पति खोजी आफनो पुरानै पतिको घरमा निर्धक्कसाथ भित्र्याउन सक्छन्, जसमा उनका सासु-ससुराको पनि मञ्जुरी हुन्छ। यसरी बिहे गरेर पत्नीको घरमा भित्रिएका पतिको जन्मघरतिरको थर (गोत्र) परिवर्तन भई पत्नी कै घरको थर (गोत्र) कायम हुन्छ। बठुवातालकि बिन्तु थारूले पनि पहिलाको पति कै थर (गोत्र)मा नयाँ पतिको नाममा घरको देवता बनाएको बताउँछिन्।

बर्दिया रामनगरका खुशिराम थारूको बुबा पत्वारी थारू, खुशिराम सानै छँदा बित्नुभयो। र करिब १२ वर्षपछि खुसिरामकी आमाले नयाँ पति पहिलाको पतिको घरमा ल्याउनुभयो। घरमा कसरी नयाँ बुबा ल्याएको वा भ्वाँर विवाह कसरी हुन्छ त भन्ने प्रश्नमा खुशिरामले भने- 'आमालाई पुरुषको कपडा लगाइदिएर पुरुष बनाएँ। नयाँ बाबालाई महिला बनाएर लेहंगा लगाई दिएँ, बिराको (रीङ) चुरा लगाईदिएँ। थारू समुदायमा विवाह गर्दा घर गुरुवा/बरघर/ मटावाँ /भलमन्सालाई राखेर बिहे गर्ने चलन हुन्छ। भ्वाँर विवाहका सम्बन्धमा बर्दिया उत्तरबखारीका टींगु गुरुवा भन्छन्- 'दुःख परेका बेलामा घरमै श्रीमान खोजेर ल्याउन पाउनु, आर्थिक अवस्था कमजोर भएकाहरूले घर सम्पत्ति र श्रीमती समेत पाउनु यो भन्दा राम्रो अरू के हुन सक्छ ? दुःख पाइरहेकी महिलाको उद्दार हुन्छ। तर भ्वाँर पस्नेहरूले अंश पाउने कानून नभएकोले कानूनमा पनि भ्वाँर पस्नेहरूले अंश पाउने लेखिनु पर्छ।'

पहिले निकै लोकप्रिय रहेको भ्वाँर पस्ने चलनमा आजभोलि कमी आउन थालेको छ। थारू समुदायका पत्रकार एकराज चौधरी भन्छन् - 'भ्वाँर विवाहलाई निरन्तरता दिन भ्वाँर पस्न जाने पुरुष मान्छेको हक अधिकार किटान हुन जरूरी छ। नेपालको कानूनमा सो लेखिनु पर्छ। होइन भने पहिलेका लोग्नेतिरका छोरा छोरी ठूला भइसकेपछि हक खोज्न थाल्छन् र भ्वाँर पस्ने र पसाल्ने दुबैले दुःख पाउनसक्छन्।'

व्यक्तिका आनीबानीबाट संस्कृति बन्दछ र समाजमा रहेको संस्कृतिकै आधारमा देशको कानून बन्दछ। थारू समुदायमा रहेको एकल महिलाले पति भित्र्याउने परम्परालाई भने नेपालको कानूनले नस्वीकारेको बताउनुहुन्छ अधिवक्ता सन्तराम धरकट्वा थारू। उनले भने- 'समाजले स्वीकारे पनि यसलाई नेपालको कानूनले स्वीकारेको छैन। थारू परम्परा र संरचना त स्वीकारेको छ। सामाजिक घर व्यवहार चलिरहेको छ।

त्यसैले यो भ्वाँर विवाह प्रथालाई नेपालमा कानुनी मान्यता दिइनुपर्छ।' थारू समुदायमा रहेको भ्वाँर विवाह लैंगिक समानताको एउटा बलियो प्रमाण पनि हो, जुन प्रथा थारू समुदायमा मात्रै देख्न सकिन्छ। पुरुषप्रधान नेपाली समाजमा महिलाहरूले नै पुरुष भित्र्याउने यो प्रथा महिला सशक्तीकरणको एक बलियो प्रमाण बन्न सक्छ। त्यसकारण यस्ता संस्कृतिलाई संरक्षण गर्नेतर्फ राज्यले ध्यान दिनै पर्छ। ●



आठपहरिया गाउँमा वाडाङ्मेट (मंसिरे चाड) को अवसरमा नाच प्रस्तुत गर्दै ।

# धनकुटाका किरात आठपहरिया समुदाय र वाडाङ्मेट मंसिरे चाड

■ **सन्तवीर लामा**
धनकुटा
(प्रकाशन मितिः डिसेम्वर २०१९/मंसिर २०७६)

धनकुटा जिल्लामा मात्र बसोबास रहेका किरात आठपहरियाहरू सबैले पूजा गर्ने घरलाई मुलपाङ (साझा घर) भनिन्छ। अति सीमान्तकृत अल्पसंख्यक किरात आठपहरिया समुदायको मौलिक परम्परागत ज्ञान, सीप र सिंगो सभ्यतासित जोडिएको यो घरमा पूजारीहरूले पूजाआजा गर्छन्, सबै मिलेर ढोल र झ्याम्टा बजाएर नाच्छन्। यो घरको आफ्नै नियम छ। यो घरलाई तले घर पनि

भन्ने गरिन्छ। तले घर जस्तै आठपहरिया समुदायको आ-आफ्नो पाछाअनुसारको पूजा गर्ने साझा घर रहेको हुन्छ। उनीहरू हरेक पर्वमा यहाँ भेला भएर सामूहिक पूजाआजा गर्ने गर्दछन्। अहिले मंसिरे चाड (वाडाङ्गमेट् भरखरै सकिएको छ। यस्तो पर्वमा सामूहिक नाच निकालेको बेला आगन्तुक वा पाहुनाहरूले सालको पातको दुनामा रक्सी (सेजोङ्गवा) सगुनको रूपमा पिउँछन्।

'यो चलन किरात आठपहरियाहरूको परापूर्वकालदेखि कै हो,' किरात आठपहरिया समाज धनकुटा जिल्ला अध्यक्ष एवं संस्कृतिकर्मी अष्टबहादुर आठपहरियाले भने, 'नाच निकालेको बेला अरू भाँडामा पिउनु हुन्न भन्ने मान्यता छ।'

**अहिले मंसिरे चाड (वाडाङ्गमेट् भरखरै सकिएको छ। यस्तो पर्वमा सामूहिक नाच निकालेको बेला आगन्तुक वा पाहुनाहरुले सालको पातको दुनामा रक्सी (सेजोङ्गवा) सगुनको रुपमा पिउँछन्।**



आठपहरिया समुदायका पूजारी पूजा गर्दै।

**नाचमा आठपहरिया समुदायको मौलिक तथा सांस्कृतिक पर्व 'वाडाङमेट' को गीत प्रस्तुत गरिन्छ । किरात आठपहरिया समाजका केन्द्रीय अध्यक्ष सर कुमारी आठपहरियाका अनुसार यो गीत मृतात्मालाई बिदा गरेपछि दुःख बिर्सजनका लागि गाइन्छ ।**

धनकुटा बजारबाट अलिक माथि उक्लेर बायाँ मोडिएपछि भेटिन्छ यो घर। 'ठूलाघर' को रूपमा चर्चित यो अल्पसंख्यक आठपहरिया समुदायको पुरानो सांस्कृतिक सम्पदा हो। अष्ट बहादुरका अनुसार यसरी नाचसँग आठपहरिया समुदायको संस्कार, विश्वास, जीवनपद्धति, परम्परागत ज्ञान र सीप जोडिएको छ।

खासमा यो नाच कात्तिक पूर्णिमा पछि नाचिन्छ। अचेल कोही पाहुना, विशिष्ट व्यक्ति या समूह साझा घर वा तले घर अवलोकनमा आएका बेला सांस्कृतिक झलक स्वरूप पनि यो नाच स्वागत गर्न निकालिन्छ।



**वाडाङ्मेट पर्वको अवसरमा नाच देखाउँदै आठपहरियाहरू।**

स्थानीय मौलिक कला, साहित्य र संस्कृति खोज्दै अध्ययन, अनुसन्धान र अवलोकन गर्न देश विदेशबाट आउने जो कोही स्रष्टाहरूलाई स्वागत गर्दा पनि आठपहरिया समुदायले यो नाच प्रस्तुत गर्ने गर्दछन् ।

नाचमा आठपहरिया समुदायको मौलिक तथा सांस्कृतिक पर्व 'वाडाङमेट' को गीत प्रस्तुत गरिन्छ । किरात आठपहरिया समाजका केन्द्रीय अध्यक्ष सर कुमारी आठपहरियाका अनुसार यो गीत मृतात्मालाई बिदा गरेपछि दुःख बिर्सजनका लागि गाइन्छ ।

'हाम्रो समाजमा मान्छे मरेपछि आत्मालाई अरुण र तमोरको संगमस्थल कोकाह दोभान बराहधाममा गएर बिदा गर्नुपर्छ', उनले भनिन्, 'मृत्युको कारण खोज्दै मृतकको घरघरमा गएर 'आर्जे हेर्ने' चलन पनि छ । अहिले भने यो हराउँदै गएको छ ।' मृतात्मा विदा गर्न बराहधाम जाने समय वाडाङमेट पर्व (मंसिरे चाड) कै छेकमा हो ।

हिँडेरै जानुपर्ने र हिँडेरै फर्किनुपर्ने परम्परागत रूपमा चलिआएको चलन अहिलेसम्म पनि छँदैछ । यसरी बराहधाम गएकाहरू कात्तिक पूर्णिमाको बिहान जसरी पनि फर्केर घर आइपुग्नु पर्ने हुन्छ ।

उनीहरूले वराहधाम जाँदा विशेषगरी आफ्नो मामाबाट कपाल, दाह्री, परेला खौरी वर्षभरिको दुःख फुकाई घर फर्की बुढापाकाहरूवाट मुन्धुममार्फत् क्षेत्रपती वराहाङ र थानापति मार्गाहाङसँग आशिर्वाद माग्ने गर्छन् । त्यसपछि दुःख विसर्जनका लागि नाचगान गरिन्छ । त्यस क्रममा बुढापाकाहरू मुन्धुम गाउँछन् भने युवायुवतीहरू वराह भगवानको नाम लिँदै यसरी गीत गाउँछन् ।

'सानोमा सानो खेतैको लौरी, ए लै लै, गाई भैंसी धपाउने, हाँसेरै जाउँ, जाउँ, ए लै लै अर्को साल कहाँ पाउने' भन्दै मायाप्रीति साट्ने गर्दछन् । यस बेला प्रत्येक घरबाट अनिवार्य रूपमा नाचलाई विधिवत् रूपमा नाङ्गलोमा फलफूल राखेर दिने गर्छन् ।

यसैगरी वराह भगवानको नाम लिर्दै १५ दिनसम्म वाडाङ्गमेट नाच्ने गरिन्छ । वाडाङ्गमेट चाड समापनको दिन सबै गाउँका मुन्दुमडाङ र अन्य मानिसहरू भेला भै मुन्दुम गाउँदै ढोल झ्याम्टासहित नाच्छन् । त्यस रात पूजारीको घरमा आ-आफ्नो पाछाअनुसार सातो

**दोहोरी पनि हुन्छ ।' ढोल र झ्याम्टा बजाएर खुट्टाको धीमा गति मिलाउँदै नाचिने यो नृत्यमा पुरुष र महिला दुबैको बराबर सहभागिता रहन्छ । यसपछि नाच हेर्नेहरूलाई दुनामा रक्सी (सेजोङ्वा) बाँडिन्छ ।**

उठाउने गरिन्छ । भोलिपल्ट एक ठाउँमा सरस्वतीको पूजा गरी अर्को बर्षसम्मको लागि मंसिरे चाड वाडाङ्गमेटको विदाई गरिन्छ ।

'यस्तो बेला मायाप्रेमका गीत पनि गाइन्छ । कसैले घुमडुल र स्थान विशेषका गीत पनि गाउँछन्,' किरात आठपहरिया समाजका केन्द्रीय अध्यक्ष सरकुमारीले भने, 'बूढापाका थाकेपछि तन्नेरीहरू नाच्छन् । दोहोरी पनि हुन्छ ।' ढोल र झ्याम्टा बजाएर खुट्टाको धीमा गति मिलाउँदै नाचिने यो नृत्यमा पुरुष र महिला दुबैको बराबर सहभागिता रहन्छ । यसपछि नाच हेर्नेहरूलाई दुनामा रक्सी (सेजोङ्वा) बाँडिन्छ ।

'मृतात्मालाई बिदा गरेर फर्केपछि बराह

क्षेत्रबाट विभिन्न देवीदेउतासँगै ल्याएको हुन्छ भन्ने विश्वास गरिन्छ,' उनले भने, 'पवित्रताका लागि दुनाको प्रचलन रहेको हुन सक्छ।' पातमा सगुन चाख्दै गर्दा त्यहाँ पुग्ने जो कोहीलाई साँच्चिकै आदिवासी जनजातिको मौलिक संस्कृतिको मूलथलोमा नै पुगेको अनुभूति हुने गर्दछ।

## बाउन्न चुलोको कथा

साझा घर (ठूला घर) खासमा आठपहरिया समुदायको ५२ चुलोसित जोडिन्छ। ०६८ को जनगणना अनुसार ५ हजार ९ सय ७७ संख्या रहेको आठपहरियाको मौलिक सांस्कृतिक सभ्यता यही ५२ चुलोबाट विस्तार भएको मानिन्छ।

'अझै पनि ५२ पितृ भिन्न हुन नहुने मान्यता छ,' आठपहरिया समाजका अगुवा एवं नेपाल आदिवासी जनजाति महासंघ जिल्ला समन्वय परिषद् धनकुटाका पूर्व अध्यक्ष गेहेन्द्रबहादुर किम्दाङ्ग आठपहरियाले भने, 'तर एकै ठाउँमा रहन भौगोलिक हिसाबले सम्भव नभएपछि विभिन्न ठाउँमा छरिए।'

जहाँ पुगे पनि पितृ पुज्ने सन्दर्भमा भने यही साझा घर आउनुपर्ने उनले बताए। माङबुङ थरका आठपहरियाहरूको भने जेठो छोरो जन्मेको खुसियालीदेखि अन्य कर्महरू यही घरमा गर्नुपर्ने हुन्छ। 'अरूले जेठो छोरोका हर्क बढाइ आ-आफ्नै घरमा गर्छु भन्दा छुट पाइन्छ,' किम्दाङ्गले सुनाए, 'माङबुङले चाहिँ यहीँ नै गर्नुपर्छ।'

गेहेन्द्र किम्दाङ्गका अनुसार २०३६ साल अगाडि यो साझाघर नौतले थियो। नौ वटा भर्याङ चढेर जानुपर्थ्यो। माटोको गाह्रो उठाएर बनाएको भएकाले सूर्यबहादुर थापा प्रधानमन्त्री भएको बेला नयाँ बनाइदिन्छु भन्दै भत्काउन लगाए। तर, नवनिर्मित भवन एक तलाभन्दा माथि उठ्न सकेन।

'माथिल्लो तलामा विभिन्न किसिमको तान्त्रिक र सांस्कृतिक विधि गरिन्थ्यो,' किम्दाङ्गले थपे, 'कोही बिरामी भयो भने यहीँ ल्याएर माङ (पुर्खाको सृष्टिको आत्मा) बोलाएर कारण पत्ता लगाइन्थ्यो। अहिले आत्मा बोलाउने मान्छे (माङकाटा) नै जन्मिन छाडे।' उनका अनुसार एउटा माङकाटा मरेपछि मृतकको आत्मा अर्का व्यक्तिमा सर्नुपर्ने हुन्छ। २०३६ सालतिरै माङकाटा बितेपछि उनको आत्मा अरूमा आएको छैन।

## मिसन होमस्टे

यही साझा घरलाई केन्द्रमा राखेर आठपहरिया समुदायले धनकुटामा होमस्टे सञ्चालनको योजना अघि सारेका छन्। धेरैले थर लेखेकाले जनगणनामा थोरै देखिए पनि आठपहरियाको वास्तविक जनसंख्या ११ हजार भन्दा बढी रहेको दाबी गर्दै 'आठपहरिया सांस्कृतिक होमस्टे' को रूपमा धनकुटा चिनिन सक्ने अर्का आठपहरिया समुदायका अगुवा एवं युवा समाजसेवी सुरेन्द्र लेङ्गसुवा आठपहरियाले दावी गर्छन्।

उनीहरूले होमस्टेको सञ्चालन प्रक्रियासमेत अघि बढाउँदै प्रशिक्षण कार्यक्रम यस अघि नै सम्पन्न गरिसकेका छन्। यसका लागि धनकुटा नगरपालिकाबाट आर्थिक सहयोग मिलेको थियो। शुरूमा १५ घरबाट होमस्टे सञ्चालन गर्ने योजना बनाइरहेको सुरेन्द्रले बताए। 'त्यसका लागि सांस्कृतिक प्रस्तुति, भेषभूषा, खानपान प्रबर्द्धनमा लागि परेका छौं,' 'आठपहरिया संस्कृति हेर्न अन्त गएर हुन्न, धनुकटा नै आउनुपर्ने हुन्छ,' उनले भने। •



# देउता बनाउने थारू संस्कृति प्रकृति अनुकूल

■ **पुष्पा चौधरी**
गुर्वावा एफ.एम., बर्दिया
(प्रकाशन मितिः डिसेम्वर २०१९/मंसिर २०७६)

थारू समुदायमा देउता बनाउन चाहिने काठ रूख नढालिकन रूखबाट निकाल्ने चलन छ। रूखबाट काठ निकाल्दा रूखलाई पूजा गरेर मात्रै रूखका केही भाग निकालिन्छ। थारूहरूको यो संस्कृतिले धेरै रूखहरू जोगिदै आएका छन्। काठको देउता लिन जंगलमा जानुपर्दछ। यो कामलाई डीउँटा लिहे जैना अथवा देउता लिन जाने भनिन्छ।

थारूहरूको नयाँ देउता बनाउने काम जेठ महिना वा दशै अगाडी हुन्छ। यो काम शुक्ल पक्षमा गर्नुपर्छ। काठका देउता लिन जंगल जाने दुई व्यक्तिहरू



निराहार बस्नुपर्ने कुरा गुर्वा घनश्याम पछलडंग्याले बताउनुभयो। जंगलमा जाँदा रूखलाई पूजा गर्नका लागि सामानहरू लिएर जाने गरिन्छ। मड, पानी, लिप्नका लागि गोबर, बत्ती बाल्नका लागि दीयो र आफुले खाने खानासंगै लिएर जंगल जाने चलन छ। काठको देउता लिन जंगल जाँदाको प्रक्रियाको बारेमा यसरी जानकारी दिन्छन् गुर्वा पछलडंग्या। जंगलबाट दुई प्रकारका देउता ल्याइन्छ - खेखरी र ढमरज्वा। खेखरी सीद्धा काठको बनाइन्छ भने धमरज्वा सखुवा (साल) को। ढमरज्वा बनाउनका लागि सकेसम्म सखुवाको हाँगालाई रोज्ने चलन छ, सिंगो रूख ढालिंदैन। त्यसैगरी खेखरी सीद्धा काठको बनाइन्छ। खेखरी काट्दा सिंगो रूख नढालिकन त्यसको केही फकलेटो मात्रै रूखबाट निकाल्नुपर्छ।

रूखलाइ काट्नु पहिले रूखको अगाडी लिपपोत गरिन्छ। दियो बालेर पूजा गरिन्छ। 'हे रूख देवता! तिमीलाई हामीले आफ्नो घरको देउता बनाउनका लागि काट्न आएका छौं। हामीले काट्दाखेरि तिमिलाइ दुख्छ होला, हामीलाई माफ गर!' भनेर

दुबै हात जोडेर पूजा गर्नुपर्छ। त्यसपछि जल, मड ढर्काउने (पानी रक्सी चढाउने) र पानी पर्छिएर ढोग गर्ने गरिन्छ। त्यसपछि मात्रै रूखलाइ काट्ने गरिन्छ। सखुवाको हाँगो र सीद्धा रूखको फकलेटो निकालिसकेपछी काटेको ठाउँमा माटोले लिप्नु पर्छ। रूखको काटिएको ठाउँमा लिपपोत गरिसकेपछि फेरी जल र मड ढर्काएर रूखसंग बिदा माग्ने गरेको गुर्वा घनश्याम पछलडंग्याको कथन छ।

'बिदाइको पूजा गरिसकेपछि घरबाट बोकेर लगेको खाना खाएर घर फर्किने चलन छ। देउता बनाउने रूख काट्दा खुब सोझो सीद्धाको रूख रोज्छौं। रूख नढल्ने हिसाबले फकलेटो निकाल्नु पर्छ। किनभने यता देउता पनि बनाउनुछ। रूखलाई पनि बचाउनु पर्ने हुनाले अलिक मोटो र माथिल्लो वा तल्लो भाग लिन्छौं,' बाँसगढी-८ बर्दियाका घनश्याम चौधरीले भन्नुभयो।

थारूहरूको देउता प्रत्येक घरको डीहुरार कोन्टीमा हुन्छन्। देउता बस्नलाई पाटा (देउता राख्ने मन्दिर) बनाइएको हुन्छ। मुख्य पाटामा मैयाँ, खेखरी, सौंरा, लागुबासु, झोंरीया, व्याँट, मञ्जरोक पीस र छीटनी हुन्छ। अन्य पाटामा थर अनुसारका आफ्ना कुलदेवताहरू हुन्छन्। त्यसैगरी डेहरीमा गुर्बाबा, झोंरीया र व्याँट झुन्ड्याइएको हुन्छ। बहरीमा ढमरज्वा र आँगनमा पुर्बी भवानीको थान हुन्छ।

थारू जातिका कुनै देवताहरू माटाका हुन्छन भने कुनै फलाम र काठले बनाइएका हुन्छन्। माटाका घोडाहरू कुमालेले बनाउँछन र यी आगोमा पकाइएका हुन्छन्। "देउतामध्येको सबैभन्दा ठूलो जसलाई मैयाँ भनिन्छ यसलाई धमिराको गोलाको माटोले बनाइएको हुन्छ। ढमरज्वा थारूहरुको बहरीमा घारी (बैठक कोठाको पछाडी गाई बाध्ने ठाँउ) निर हुन्छ। ढमरज्वाले गाईको रक्षा गर्छन भन्ने बिश्वास छ। त्यसैगरी काठले बनाइएका अर्का देउता खेखरी ढीहुरार कोन्टीको (देउता कोठामा) मुख्य पाटामा बस्ने देउता हुन। माटाका देउता (घोडाहरू) कुम्हारले बनाउँछन्। मैयाँलाई धमिराको माटोले बनाइन्छ। फलामका देउताहरू लोहारले बनाउँछन् भने काठका देउताहरूलाई जंगलबाट काटेर ल्याइन्छ।

**काठले बनाइएका अर्का देउता खेखरी ढीहुरार कोन्टीको (देउता कोठामा) मुख्य पाटामा बस्ने देउता हुन। माटाका देउता (घोडाहरू) कुम्हारले बनाउँछन्। मैयाँलाई धमिराको माटोले बनाइन्छ।**

देउता बनाउने घरका मान्छेले खेखरी बनाउने काठ ल्याएपछि हाम्रो काम शुरु हुन्छ," लोहार साजर्ने कामीले भन्नुभयो। उहाँका अनुसार त्यसलाई चारपाटे बनाएर त्यसमा चारवटा कामा, त्यो कामामा प्रत्येकमा तीनवटा झुन्खी हाल्नुपर्छ।

माथि टाउकोमा पनि एउटा झुन्खी र तल तीर ठड्याउनको लागि तीखो खुट्टा बनाउनु पर्छ। रूख नै नढाली देउता बनाउने थारूहरूको यो संस्कृति धेरै राम्रो लाग्छ लाग्ने कुरा उहाँले बताउनुभयो। 'खाने बेलामा पनि हामीलाई मान सम्मान गर्छन्' लोहार आइल हाली खैना डेओले भन्नुभयो। 'धेरै राम्रो गर्छन् हामीलाई पनि। आदिवासी थारूहरूको संस्कृति प्रकृति अनुकूल छ। यस्तो प्रकृति जोगाउने संस्कृतिलाई जगेर्ना गर्न र यसको प्रचार-प्रसार गर्न जरुरी छ।'

# हराउँदै चिउरी संस्कृति

■ सविता श्रेष्ठ
चितवन
(प्रकाशन मितिः जुन २०१४, जेठ-असार २०७१)

चेपाङ समुदायका लागि विशेष महत्व राख्ने चिउरी हराउँदै गएको छ। सिद्धी गाविस वडा नं. ८ घेवाङकी सुनसरी चेपाङ विवाह भएर घर आउँदा उनको घरमा एक सय बोट चिउरी थियो। ३५ वर्षको अवधिमा उनको घरमा चिउरीको बोट घटेको छ। पछिल्लो समयमा चिउरीको बोट मर्ने क्रम बढेको उनी बताउँछिन्। चिउरीको बोटमा फूल



कम फुल्ने, फल लाग्ने बेलामा बतासले झार्ने गरेको सुनसरी बताउँछिन्। चेपाङ जातिमा चिउरीलाई खानेकुरा र आम्दानी गर्ने स्रोतको रूपमा लिइन्छ। चिउरी फलेपछि त्यसलाई खाने र बियाँ पेलेर तेल उत्पादन गर्ने गरिन्छ। बियाँ बेचेर तथा बियाँवाट उत्पादन गरिएको तेल बेचेर चेपाङ जातिले आम्दानी गर्ने गर्छन्। सिद्धीकै ३७ वर्षीय फुलमाया चेपाङको घरमा पनि चिउरीको बोट घटेको छ। हुरीले रूख ढाल्ने र मरेर जाने हुँदा चिउरीको बोट कम भएको उनी बताउँछिन्। चिउरी रस खान, तल उत्पादन गर्न र घाँसको रूपमा प्रयोग हुने फुलमायाले बताईन्।

'घाँस काट्ने, झार्ने गरेपछि मर्छ' उनी भन्छिन्- 'पहिला पहिला २५ हजार कमाउँथ्यो। अझैं ५ हजार जति हुन्छ।' आम्दानी दिने चिउरीको बोट मासिदै जाँदा यसलाई रोप्नुपर्छ भन्नेमा भने उनलाई चासो लागेको छैन। किनभने उनको गाउँका कसैले पनि चिउरी जोगाउनुपर्छ भनेर चासो दिएका छैनन्। चिउरी खानेकुरा मात्र नभएर आम्दानी गर्ने स्रोत पनि भएको हुँदा छोरीलाई बिहेपछि घरमा आम्दानीको बाटो वन्नको लागि सजिलो होस् भनेर विहेमा चिउरीको बोटलाई दाइजो दिने परम्परा र चलन रहेको छ। तर, पछिल्लो समयमा विवाहमा चिउरी दाइजो दिने परम्परा हराएको सिद्धीका ८० वर्षीय नर बहादुर चेपाङ बताउँछन्। 'एउटा बोटबाट ५ देखि १० पाथी बियाँ आउँछ' चिउरीको वारेमा जानकारी दिँदै उनले भने-'पहिला दाइजो दिन्थ्यो, अहिले चलन छैन' उनको घरमा अहिले चिउरीका करिव एक सय बोट छन्। बोट भएपनि उनले छोरीलाई चिउरी दाइजो भने दिएनन्। बरु आर्थिक आम्दानी होस् भनेर बाख्रा पाल्न दिए। चितवनका सिद्धी लगायतका पहाडी गाविसमा चेपाङ जातिको बसोबास छ। चेपाङ संघ चितवनका अध्यक्ष लक्ष्मण चेपाङका अनुसार चितवनमा २९ हजार २ सय चेपाङ छन्। चिउरी संस्कृति हराउँदै जानुमा चेपाङ जाति आधुनिकतातर्फ उन्मुख भएको उनी बताउँछन्। भन्छन्-'चिउरी राम्रो हुँदैन, अहिले फल घट्न र रूख मासिन थालेको छ। यसरी चेपाङ समुदायमा प्रचलित चिउरीसँग सम्वन्धित संस्कृति परिवर्तन हुँदैछ।'



फोटोः डण्डु शेर्पा (ढोक्प्या)

# चौरी पालन व्यवसाय लोप अवस्थामा

■ **डीबी खालिङ**
सोलुखुम्बु
(प्रकाशन मितिः जुन २०१४/जेठ-असार २०७१)

पुस्तौंदेखि चौरीपालन गरी जीविकोपार्जन गर्दै आउनुभएका बेनी-६ खाम्जे सोलुखुम्बुका कुङ्गा लामा अहिले होटल व्यवसाय गर्दै हुनुहुन्छ। लामाको यो रहर नभई वाध्यता हो। चौरी पाल्ने रहर हुँदाहुँदै पनि चौरी पालन व्यवसाय चटक्कै छाडेर अहिले जिल्ला सदरमुकाम सल्लेरीमा होटल व्यवसाय गरेर बस्नुभएको छ। चौरी गोठमा नै हुर्के बढेकाले एकैचोटी चौरी बेचेर घरमा आउँदा घरमा बस्न मन लागेन। त्यसैले आफु सदरमुकाम सल्लेरी आएर बस्न थालेको बताउँछन्।

चौरी गाई अन्य पशु चौपाय जस्तो सँधै एकै ठाउँमा राखेर पाल्न सकिदैन। गर्मी मौसममा लेकतिर लैजानुपर्ने र जाडो महिनामा तलतिर झार्नुपर्ने हुन्छ। त्यस्तै सँधै एउटै चरिचरन थलोमा पनि त्यसको वृद्धि विकास राम्रो नहुने र प्रशस्त दुध नदिने हुनाले नयाँनयाँ चरन क्षेत्रहरूमा लैजानुपर्ने हुन्छ।

सामुदायिक वन उपभोक्ता समूहले चरिचरनको

अनुमति दिँदैनन् । त्यसैले चौरी पाल्नु भन्दा बेच्नु नै उपयुक्त ठानेर कुङ्गा लामा जस्ता थुप्रै सोलुखुम्बुका शेर्पाहरूले चौरी पालन व्यवसाय छाडिसकेका छन् । विगतमा सोलुखुम्बुबाट अन्यत्र जाने जो कोहीले कोसेलीको रूपमा चौरीको दूधबाट तयार गरिने छुर्पी, सेरगाम, र घ्यू लैजाने गर्थे तर आज आएर सोलुखुम्बुको सदरमुकाम सल्लेरीमा काठमाडौंबाट आएको चौरी घ्यू समेत बिक्रीवितरण गरिदै आएको छ ।

शेर्पाहरूले चौरी पालन गर्न छाड्नुको पछाडी धैरै कारणहरू छन् । जसमध्ये मुख्यकारण हो चरीचरनको अभाव, चरीचरन अभावकै कारण भकाञ्जे-१ सोलुखुम्बुका सर्की शेर्पाले पनि चौरी पालन व्यवसाय छाडेर अहिले कृषि पेशा अपनाइरहनु भएको छ ।

आफ्नो गाविस भन्दा बाहिर अर्थात आफ्नो सामुदायिक वन उपभोक्ता बाहिर खर्चरी तिरेर पनि चरीचरन गर्न नपाईने, खर्चरी पनि आम्दानी भन्दा बढी तिर्नुपर्ने भएकोले चौरी पालन व्यवसाय छाडेर कृषि व्यवसाय अपनाउन थालेको बताउँछन् ।

आफुले भनेको ठाउँमा चरीचरन गर्न नपाएका कारण, सोचे अनुरूप चौरी पालन व्यवसायबाट आम्दानी लिन नपाएकै कारण खेतीतर्फ लागेका छन् बेनी-५ मपुङका कान्छा शेर्पा ।

सामुदायिक वन उपभोक्ता समूह गठन हुनु अगाडि सोलुखुम्बुको बेनी गाविसका सबैजसो शेर्पाहरूले चौरी पालेर नै जीविकोपार्जन गर्दै आएका थिए । तर अहिले सो गाविसमा एक दुई घरले मात्र चौरी पालन व्यवसाय गर्दै आएका छन् ।

एउटा चौरी लडेर मर्‍यो अर्थात कुनै पनि जंगली जनावरले खाएको खण्डमा व्यवसायीलाई ७० देखि ९० हजारसम्म घाटा लाग्छ। त्यसको क्षतिपूर्ति न राज्यले नै दिन्छ न पशु विमा नै गरिएको छ। चरीचरनको लागि पनि खर्चरी तिर्नै पर्ने, कुनै कालगतिले चौरी मरेमा त्यसको घाटा पनि सहनु पर्ने र चौरी पालन व्यवसायको जनशक्ति पनि धेरै चाहिने भएकोले यो पेशा संकट हुँदै गएको हो ।

सोलुखुम्बुको साप्ताहिक हाट सल्लेरी-७ नयाँ बजारमा घ्यू र छुर्पी व्यापार गर्दै आउनुभएका तामाखानी सोलुखुम्बुका मिङमार शेर्पा भन्नुहुन्छ , “चरीचरन अभावकै कारण चौरीपालन व्यवसाय लोप हुँदै गएको छ । यसको प्रभाव चौरी घ्यूमा परेको छ।” हाल चौरीको घ्यू प्रतिकिलो ८ सय रुपियाँ पुगेको छ ।

हिमाली जिल्लाको पहिचान बोकेको चौरी पालन व्यवसाय लोप हुँदै जाँदा यसको वास्ता कसैले गरेको छैन । यही कारण अहिले सोलुखुम्बुका शेर्पा समुदायका युवाहरू चौरी पालन व्यवसाय छाडेर वैदेशिक रोजगारतर्फ लागेका छन् ।

देशमा नै रोजगारीको अवसर प्रबर्द्धन गर्न कृषि तथा पशुपालन व्यवसायलाई आधुनिकीकरण गर्नुपर्छ भनेर नेपाल सरकारले बजेट भाषणमा उल्लेख गर्ने गरेको पाईन्छ । तर सोलुखुम्बु जिल्लामा चौरी पालन व्यवसाय लोप हुँदै जाँदा पनि यहाँको सरोकारवाला कसैको ध्यान गएको पाइँदैन ।

सामुदायिक वन उपभोक्ता समूहको नाममा चौरी पालन व्यवसाय नै लोप हुन लागेको छ। यसले गर्दा शेर्पा समुदायको मुख्य पुर्ख्यौली पेशा अहिले संकटमा छ। वनजंगलको संरक्षण गर्ने नाममा कसैको पेशा नै लोप हुन्छ भने त्यस विषयमा नेपाल सरकारले सोच्नुपर्ने बेला आएको छ ।



# बर्दियाको बढैंया ताल र स्थानीय थारू समुदायबीचको अन्योन्याश्रित सम्बन्ध

■ **पुष्पा चौधरी**
बाँसगढी, बर्दिया
(प्रकाशन मितिः डिसेम्वर २०१६/मंसिर २०७३)

बढैंया ताललाई आदिवासी जनजाति समुदायले परम्परागत रूपमा भोग चलन गर्दै आएका छन्। तालको संरक्षणमा आदिवासी जनजाति थारू समुदायको महत्वपूर्ण भूमिका रहिआएको छ। यसै तालको नामबाट गाउँपालिकाको नाम बढैंया ताल गाउँपालिका रहेको छ। खासगरी यस तालको संरक्षणको लागि बर्दियाको बढैंया ताल गाउँपालिका अन्तर्गतका ४, ५, ६ र ३ का किसानहरूलाई श्रेय जान्छ। बढैंया ताल ५ र ६ लाई छोई फैलिएको छ। यो तालले पहिले ३ सय विघा क्षेत्रफल ओगटेको भनिएपनि अहिले १ सय ९ विघा ४ कट्ठा साँढे सत्र धुर क्षेत्रफलमा सिमित छ।

पहिले भोकमरी वा सुख्खा परेको समयमा यस तालमा रहेका कमलगट्टा चिम्नाधान, खाई थारू आदिवासी जनजातिले जिविकोपार्जन गर्थे। यो ताल आदिवासी जनजाति थारू समुदायको जिविकोपार्जन सँगै उनीहरूको संस्कृति र अस्तित्वसँग पनि जोडिएको छ। यस तालमा पाईने जैविक विविधतासँग थारू समुदाय परिचित छ।

बढैंया ताल र आदिवासी जनजातिहरू बीच नङ्ग र मासुको जस्तो सम्बन्ध छ। यस तालमा पाईने जैविक विविधताहरू थारू समुदायमा जन्मदेखि मृत्युसम्म गरिने परम्परागत संस्कारहरूमा प्रयोग गरिन्छन्। दशैंमा पिण्ड दिँदा चाहिने माछा, थारू समुदायमा मनाईने पर्व गुरैह्या अथवा थारूले खेती शुरु गर्दा गाउँ भरिका मानिसहरूले एकै ठाउँमाखाने खाना (कल्वा खैना) दिनमा अनिवार्य रूपमा चाहिने

करम्वाक सागयहि बढैंया तालमा मात्र पाईन्छ। यो सागटिप्न बाँकेको पश्चिमी भागका र बर्दियाका पूर्वी भागका थारू समुदायका मान्छेहरू आउँछन्।

विवाहमा जन्ती जाँदा सगुनको रूपमा लगिने माछा, विवाहमा डोलि सजाउन चाहिने खेखरी, नयाँ दुलहीले लग्ने ढकिया सजाउने सुटही लगायत पूजा र विवाहमा चोखो मानेर प्रयोग गरिने कमलको पात यही बढैंया तालमा पाइन्छ।

यो तालमा फोहोर गर्न धार्मिक रूपमै मनाही भएकोले ताल फोहोर कसैले गर्दैनन्। बढैंया तालमा पाइने जडिबुटी थारू समुदायको उपचार पद्दतिसँग पनि जोडिएको छ। यसमा पाइने जडिबुटीले कमलपित्त, आउ जस्ता रोगहरूको औषधी हुने, तालमा पाइने सुतहीको खोस्तालाई पोलेर बनाएको चुना, घाउ खटीरा वा चोट पटक लागेकोमा औषधी हुने स्थानीयहरू बताउँछन्। यो काललाई बैज्ञानिक प्रयोगशालाको रूपमा पनि लिएको छ।

अनुसन्धानकर्तालाई जैविक विविधता र पारिस्थतिकीय प्रणालीको अनुसन्धानका लागि निकै महत्वपूर्ण छ, बढैंया ताल। यो तालमा २१ प्रजातिका बनस्पती, ४२ प्रजातिका रैथाने माछा, ८ जातका विकासे माछा र ८ प्रजातिका घोंघी र सिपि पाइन्छन्। बि.सं. २०४२ सालदेखि जिल्ला विकास समितिले माछापालन ठेक्का लिएपछि विस्तारै तालमा रहेको जैविक विविधता लोप हुँदै गएको थियो।

राज्यको संघिय संरचना भएपछि उक्त काललाई स्थानीय सरकार बढैंया ताल गाउँपालिकालाई संरक्षण गर्ने जिम्मा दिएको छ। थारूहरूले गाउँमा कसैको छोराछोरीको विवाह हुनुभन्दा केही दिन अगाडि बढैंया तालस्थित देविको घरमा गई विवाह सफल होस् भनेर पुजा गर्ने (रक्सी र जल चढाई एउटा माटोको डल्ला राखी विवाह सम्पन्न पछी भाले पुज्ने भाकल गर्ने) चलन रहेको छ थारू समुदायमा। यस तालको वरिपरि थारू समुदायको बसोबास धेरै छ र यस तालको परम्पराकाल देखि नै थारूहरूले संरक्षण गर्दै आएको पाइन्छ। बढैंया तालले धेरै पानी थेगेर राख्न सक्ने भएकोले बाढी न्यूनीकरणका साथै सिंचाईका लागी पनि यस प्राकृतिक सम्पदा उपयोगी सिद्ध हुँदै आएको छ। हाल बढैंया तालको पानीले ४, ५, ६ र ३ का किसानहरूलाइ मा सिंचाईको सुविधा पुरयाएको छ, जसको कारण कृषि पेशामा आश्रित किसानहरूलाई पनि यस तालबाट फाईदा पुगेको छ।

बढैंया तालको संरक्षण र विकास सहि तरिकाले गर्न सके वातावरण संरक्षणमा समेत टेवा पुग्ने देखिन्छ। हरियाली प्रर्वद्धन गर्नुको अतिरिक्त बाढी तथा भू-क्षय नियन्त्रण गर्न पनि उत्तिकै मद्दत पुग्ने देखिन्छ। साथै यसले सिमसार क्षेत्रको पारिस्थितिकीय प्रणालीमा सकारात्मक प्रभाव पर्ने निश्चित छ। बढैंया तालमा बनस्पतिका साथै स्थानीय दुर्लभ जातका माछा र चराहरू पाइन्छन्। त्यसैले बढैंया तालमा रहेका जैविक विविधताहरू पर्यावरणीय तथा पारिस्थतीकिय प्रणालीका दृष्टिले ज्यादै महत्वपूर्ण छ।

जैविक विविधताको खानीको रूपमा रहेको बढ्रैया तालले प्राकृतिक सौन्दर्य बोकेको छ। त्यसैले जैविक विविधताको संरक्षण तर्फ ध्यान दिदैं लोप हुँदै गएका जैविक विविधतालाई फेरी तालमा पुनः स्थापित गर्ने वातावरण बनाउनु अहिलेको आवश्यकता हो।

NEFIN

**Nepal Federation of Indigenous Nationalities (NEFIN)**
Climate Change Partnership Program
Maharajgunj, Kathmandu, Nepal, Phone : 977-1-4515376
E-mail: **info@nefinclimatechange.org**
Website: **www.nefinclimatechange.org**

साझेदार : IWGIA

November, 2023